
बाइबलका
शिक्षाहरुको श्रृखला



येशूले
हामीलाई संसारिक
कथासाग स्वर्गीय
अर्थहरुको प्रयोग
गरेर सिकाउनुहुन्५ ।

# येशूका दृष्‍टान्तहरु

# येशूका दृष्टान्तहरु

येशूले हामीलाई संसारिक कथासँग स्वर्गीय अर्थहरुको
प्रयोग गरेर सिकाउनुहुन्छ ।

Multi-Language
Productions
Bringing the Word to the World

यस पुस्तकको पाठहरु विस्कान्सिन इभान्जिलिकल लुथरन सिनेडको बहुभाषा प्रकाशनद्वारा उत्पादन गरिएको हो ।

करिराईट © २०१२

२०१२ मा प्रकाशित

रङ्गीन तथा सादा दृष्टान्तहरु ग्लेन मार्यसको कार्य हो ।

दृष्टान्तहरु नर्थ वेष्टर्न पब्लिशिङ्ग हाउसले सुरक्षित राखेको छ ।

बाइबलका अंशहरु नेपाली पवित्र बाइबल न्यू इन्टरनेस्नल रिर्डस् भर्सन बाट लिइएको हो ।

कपिराईट © १९९६, १९९८ नेपाल बाइबल सोसाइटीको अनुमतिले प्रयोग गरिएको हो ।

पुस्तक २३

# विषय सूची

प्रारम्भमा ........................................................ १

**अध्याय एकः**
येशूले हामीलाई दृष्टान्तहरुको प्रयोग गरेर सिकाउनुहुन्छ
........................................................ ३

**अध्याय दुइः**
येशूले हाम्रो जीवनमा सबै भन्दा महत्वपूर्ण के छ भन्ने बारेमा हामीलाई सिकाउनुहुन्छ। ........................................................ १३

**अध्याय तीनः**
येशूले हाम्रो जीवनमा परमेश्वरको वचन कसरी बृद्धि हुन्छ भन्ने सिकाउनुहुन्छ। ........................................................ २७

**अध्याय चारः**
येशूले हामीलाई क्षमाको लागि उहाँमा भरोसा राख्न सिकाउनुहुन्छ।
........................................................ ४४

**अध्याय पाँचः**
येशूले हामीलाई ख्रीष्टियान भएर कसरी जीउन सिकाउनु हुन्छ।
........................................................ ६१

**अध्याय छः**
येशूले हामीलाई उहाँको दोस्रो आगमनको लागि तयार हुन सिकाउनुहुन्छ। ........................................................ ७९

शब्दावली ........................................................ ९५

अध्याय जाँचको उत्तरहरु ........................................................ ९७

अन्तिम परीक्षा ........................................................ ९८

# प्रारम्भमा

यस पुस्तकले तपाईलाई येशूले चेलाहरुलाई र अरु मानिसहरुलाई सिकाउन प्रयोग गर्नु भएका धेरै दृष्टान्तको बारेमा सिकाउनेछ । ती सामान्य दृष्टान्तहरुमा हामी प्रत्येकले हाम्रो इसाई जीवन कसरी जीउने र हाम्रो जीवनको मुख्य उद्देश्य स्वर्ग कसरी हो भन्ने बारेमा सिकाउने धेरै कुरा छन् ।


प्रत्येक अध्याय एउटा उद्देश्य सूचीबाट सुरु हुन्छ जुन चाहिँ तारा चिन्हले (*) जनाइएको छ । यी उद्देश्यहरुले तपाईले त्यो अध्यायमा के सिक्नुहुन्छ भन्ने बारे जानकारी दिन्छन् । हरेक अध्याय भित्र तपाईले उत्तर दिनको निम्ति केही प्रश्नहरु छन् । हरेक अध्यायको अन्यमा एउटा छोटो परीक्षा पनि छ ।

यदि तपाईले ध्यान दिएर पाठ पढ्नुभएको छ भने छोटो परीक्षाको प्रश्नको उत्तर दिन सक्नुहुन्छ । यदि तपाई अध्यायको सुरुवातमा फर्कनु भयो र उद्देश्यहरु बारे के सिक्नु भयो भनने थाहा पाउनुहुनेछ ।

प्रत्येक प्रश्नावली तथा प्रत्येक अध्यायको परीक्षा पछाडि तपाई पृष्ठ संख्या पाउनुहुनेछ जहाँ ती प्रश्नका सही उत्तरहरु दिइएका हुनेछन् । अगाडि पढ्नु भन्दा पहिले आफ्नो प्रत्येक उत्तर परीक्षा गर्नुहोस् र बुझ्नुहोस् । पुस्तकको अन्त्यमा एउटा अन्तिम परीक्षा राखिएको छ । अन्तिम परीक्षा दिनु अघि पहिले दिइए अध्याय –परीक्षा दोहोऱ्यानुहोस् ।

जब तपाई अन्तिम परीक्षा समाप्त गर्नुहुन्छ, यो पुस्तक जसले दिएको हो उहाँसँग सम्पर्क गर्नुहोस् वा पुस्तकको पछाडि दिइएको ठेगानामा पठाउनुहोस् ।

जब तपाई येशूका दृष्टान्तहरुको अध्ययन गर्नुहुन्छ हामी आशा गर्दैछौ परमेश्वरको वचनको अध्ययन बाट तपाईले सिक्नुहुनेछ र परमेश्वरका आशिषहरु प्रति धन्यवादी हुनुहुनेछ ।



येशूले चेलाहरुलाई प्रार्थना गर्न सिकाउनुभयो ।



*अध्याय एक:*

# येशूले दृष्टान्तहरुको प्रयोग गरेर हामीलाई सिकाउनुहुन्छ ।

येशू धेरै असल शिक्षक हुनुहुन्छ । धेरै पटक उहाँले चेलाहरुलाई र अरु मानिसहरुलाई उहाँ के सिकाउदै हुनुहुन्थ्यो भन्ने कुरा सजिलै बुझ्ने बनाउन उहाँले दृष्टान्तहरुको प्रयोग गर्नुभयो । मत्ती १३:३४ मा सु–समाचारका लेखकले हामीलाई बताउछन् “येशूले यी सबै कुरा मानिसहरुलाई दृष्टान्तमा भन्नुभयो । विना दृष्टान्त उहाँले तिनीहरुलाई केहि पनि भन्नुभएन ।” त्यसै कारण हामी यो अध्यायमा सिक्ने छौं,

- दृष्टान्त के हो ?, र

- दृष्टान्तलाई कसरी अध्ययन गर्ने ?

## दृष्टान्त भनेको के हो ?

दृष्टान्त भनेको दैनिक जीवनमा प्रयोग हुने संसारिक कथा हो जसको स्वर्गीय अर्थ हुन्छ । कृपाय दृष्टान्तको यो परिभाषा याद गर्नुहोला र येशू तपाईलाई के सिकाउदै हुनुहुन्छ भनेर तपाई राम्रो सँग बुझ्नुहुनेछ ।

आउनुहोस हामी उदाहरणको प्रयोग गरौं । यदि तपाईले आफ्नो घरमा केहि पैसा हराउनुभयो भने, तपाई के गर्नुहुन्छ ? निश्चिय नै तपाई धेरै मिहनेत  गरेर आफ्नो घरमा खोज्नुहुन्छ र परिवारलाई पनि खोज्न भन्नुहुन्छ र साथीहरुलाई पनि तपाईको पैसा खोज्न सहयोग माग्नुहुन्छ । र जब कसैले पैसा भेट्टाएर त्यो तपाईलाई दियो भने तपाई कस्तो महसुस गर्नुहुन्छ ? तपाई खुशी हुनुहुन्छ । तपाई आनन्दले भरिनुहुन्छ र भन्नुहुन्छ “म असाध्यै खुशी छु  कि मैले यो पैसा भेट्टाएँ ।” यस्तै कुराहरु जुन सायद हाम्रो दैनिक जीवनमा घट्न सक्छन् । येशूले यस्तै दृष्टान्त लूका १५ पद ८ देखि १० मा सिकाउनु भयो । एउटा स्त्रीले चाँदीका केहि सिक्काहरु हराई । उसले बत्ती बालि र आफ्नो घर बढारी । जब उसले सिक्काहरु भेटाई उसले आफ्ना छिमेकी र साथीहरुलाई सँगै बोलाई र भनि, “मसँग रमाओ ।” त्यस पछि येशूले भन्नुभयो, “म तिमीहरुलाई भन्दछु यसरी नै पश्चात्ताप गर्ने एक जना पापीको लागि परमेश्वरका स्वर्गदूतहरुका सामुन्ने आनन्द हुन्छ । अर्को शब्दमा, येशूले  हराएको सिक्काको दैनिक जीवनको संसारिक कथालाई एक जना जसले उसको पापहरुको लागि पश्चत्ताप गर्छ र येशू पापबाट छुट्कारा दिने उद्धारकर्ता हो भनि विश्वास गर्छ भने स्वर्गमा त्यसको लागि आनन्द हुन्छ भन्ने स्वर्गीय सत्यता सिकाउन प्रयोग गर्नुभयो । जसरी

हामी हराएको केहि कुरा भेट्टाउदा आनन्द गर्छौ त्यसरी नै जब हामी पापबाट अलग फर्कन्छौ परमेश्वर खुशी हुनुहुन्छ । यो नै यस दृष्टान्तको अर्थ हो । याद गर्नुहोस् कि प्रत्येक दृष्टान्तको एउटा मात्र अर्थ हुन्छ ।

मानिसहरु येशूका दृष्टान्तहरुबाट आनन्द लिन्छन् र बुझ्छन् किनभने तिनीहरु हाम्रो दैनिक जीवनका कथाहरु हुन्छन् जुन हामी सजिलै बुझ्न सक्छौ । धेरै मानिसहरु यस्ता कथाहरु पढ्न मन पराउछन् । त्यसै कारणले येशूले धेरै दृष्टान्तहरु सिकाउनुभयो जुनहरुको बारेमा हामी बाइबलमा पढ्छौं ।

१. दृष्टान्त भनेको दैनिक जीवनको ........................ कथा हो जसको ..................................... अर्थ हुन्छ ।

२. प्रत्येक दृष्टान्तको .............................. मात्र अर्थ हुन्छ ।
(तपाईको उत्तर जाँच्न पेज नं. १० को तल हेर्नुहोस् )

सबै भन्दा पहिला हामीले यो याद गर्नुपर्छ कि येशूका दृष्टान्तहरु काल्पनिक कथा वा लोककथा होइनन् तर हाम्रो अध्ययनको लागि संसारको उद्धारकर्ता, परमेश्वरको पुत्र येशू ख्रीष्टका बारेका शिक्षा हुन् ।

## हामीले दृष्टान्तलाई कसरी अध्ययन गर्ने ?

येशूका दृष्टान्तहरु अध्ययन शुरु गर्ने एउटा उत्तम तरिका दृष्टान्तलाई ध्यानपूर्वक धेरै चोटि पढ्नु हो । ताकि तपाईले येशूले वास्तवमा के भन्नु भयो थाहा पाउनुहुनेछ । दृष्टान्तको अगाडि र पछाडिका वाक्यहरु पनि पढ्नु असल

हुन्छ किनभने केहि ठाउँहरुमा येशूले हामीलाई बताउनुहुन्छ कि उहाँले किन दृष्टान्त भन्नुभयो वा त्यो दृष्टान्तको अर्थ के हो ।

येशूले किन दृष्टान्त भन्नुभयो भन्ने एउटा उदाहरण हामी लूका १०:२५–२९ मा पाउँछौं यी शब्दहरुमा एउटा मानिसले सोध्यो कि उसले अनन्त जीवन प्राप्त गर्न के गर्नु पर्छ । जब येशूले त्यसलाई परमेश्वरको व्यवास्थाले के भन्छ भनि सोध्नुभयो, त्यसले जवाफ दियो, “परमेश्वरलाई प्रेम गर र आफ्नो छिमेकीलाई प्रेम गर ।” त्यसपछि त्यो मान्छेले सोध्यो, “मेरो छिमेकी को हो ?” र त्यसपछि नै येशूले असल सामरीको दृष्टान्त भन्नुभयो जुन हामी पछि यस पुस्तकमा अध्ययन गर्नेछौं । अर्को शब्दमा, असल सामरीको दृष्टान्त चाहिँ “मेरो छिमेकी को हो भन्ने प्रश्नको उत्तर हो ।

येशूले सिकाएका दृष्टान्तहरुको पछाडिका वाक्यहरु पढ्नुको अर्को कारण त्यो हो कि कहिले काँही येशूले दृष्टान्तको अर्थ के हो भनि व्यख्या गर्नुहुन्छ । लूका ८:४–८ मा येशूले खेतमा बीउ छर्ने किसानको दृष्टान्त भन्नुभयो, येशूका चेलाहरुले दृष्टान्तको अर्थ के हो भनि जान्न चाहे । त्यहि भएर त्यस पछि येशूले लूका ८:११–१५ मा दृष्टान्तको व्याख्या गर्नुभयो । हामी पनि यस दृष्टान्तको बारेमा बढी यहि पुस्तकको अर्को अध्यायमा सिक्नेछौं ।

यी दुइ उदाहरणबाट हामी यो सिक्यौं कि प्रत्येक दृष्टान्तको अगाडि र पछाडिका वाक्यहरु पढ्नु महत्वपूर्ण छ किनभने सायद ती वाक्यहरुले येशूले किन दृष्टान्त भन्नुभयो भनेर हामीलाई बताउँछन् वा वाक्यहरुले हामीलाई दृष्टान्तको

अर्थ बताउछन् । यद्यपि, धेरै दृष्टान्तका वरपरका वाक्यहरुले येशूले किन दृष्टान्त भन्नुभयो वा यसको अर्थ के हो भनि हामीलाई बताउदैनन् । यस्ता दृष्टान्तहरु अध्ययन गर्दा हामीलाई सहयोग गर्न पवित्र आत्मा चाहिँन्छन् ताकि हामी बुझ्न सकौं कि येशू हामीलाई के सिकाउदै हुनुहुन्छ ।

३. हामीले येशूका दृष्टान्तलाई ................................. पटक पढ्नु पर्छ ताकि येशूले हामीलाई खास के ......................... भन्ने थाहा पाउँन सक्छौं ।

४. केहि ठाउँमा येशूले उहाँले .............................. दृष्टान्त भन्नुभयो वा दृष्टान्तको ................................ के हो हामीलाई भन्नुहुन्छ ।

५. येशूले "मेरो छिमेकी को हो ?" भन्ने प्रश्नको उत्तर दिनको लागि के दृष्टान्त भन्नुभयो ?

.......................................................................

६. कुन दृष्टान्त येशूले भन्नुभयो र त्यस पछि दृष्टान्तको अर्थ के हो भनि व्याख्या गर्नुभयो ?

.......................................................................

(पेज नं. १० को तल हेरि तपाईका उत्तर जाच्नुहोस् )

प्रत्येक दृष्टान्तमा हामीले दृष्टान्तले हामीलाई मुख्य कुरा के सिकाउँछ भनि खोज्नुपर्छ । मत्ती २०:१–१५ मा येशूले खेतालाहरु एउटा मानिसको दाखबारीमा काममा लगाइएको दृष्टान्त भन्नुभयो । यस दृष्टान्तमा धेरै विस्तृत कुराहरु छन् जुन महत्वपूर्ण छैनन् । महत्वपूर्ण के छ भने दाखबारीको मालिकले सबै खेतालाहरुलाई एउटै ज्याला दिन्छ चाहे

तिनीहरुले एक दिन भरी काम गरेका हुन्, आधा दिन गरेका हुन् वा एक घण्टा मात्र गरेका हुन् । दृष्टान्तको मुख्य बुदाँ यो हो कि हामी येशूमा कति खेर विश्वासी हुन्छौँ त्यसले फरक पार्दैन, चाहे त्यो बच्चा हुँदाखेरी होस्, मध्यम उमेरको हुँदा खेरी अथवा हामी मर्नुभन्दा केहि समय मात्र अघि होस् हामी सबैले स्वर्गमा परमेश्वरको असिमित प्रेमको उपहार स्वरुप एउटै अनन्त जीवन प्राप्त गर्छौं । यो दृष्टान्त त्यसपछि हाम्रो जीवनमा हाम्रो लागि महत्वपूर्ण हुन्छ । हाम्रो उमेर जति भए तापनि हामीले येशूको बारेमा सिक्नुपर्छ र उहाँमा विश्वास गर्नुपर्छ, त्यसरी नै हामी स्वर्गमा अनन्त जीवनको आशिषित उपहार पाउँछौँ ।

७. प्रत्येक दृष्टान्तमा हामीले दृष्टान्तले हामीलाई ......................................... ............................................. के सिकाउँछ भनि खोज्नु पर्छ ।

८. एउटा मान्छेको दाखबारीमा खेतालाहरुको दृष्टान्तमा यो जान्न आवश्यक छ कि दाखबारीको मालिकले सबै खेतालाहरुलाई .................................. ज्याला दिन्छ चाहे तिनीहरुले दिनभरी काम गरुन् आधा दिन गरुन् वा एक घण्टा मात्र गरुन् ।

९. यो दृष्टान्तको मुख्य बिन्दु त्यो हो कि हामी ................................ कहिले .................................... हुन्छौ त्यसले केहि फरक पार्दैन, त्यो बच्चा हुदाँ होस्, मध्यम उमेरको हुदाँ होस् वा हामी मर्नु भन्दा केहि समय मात्र अघि होस्, हामी सबैले स्वर्गमा परमेश्वरको असिमित ...................को उपहार

स्वरुप एउटै .....................................
...................... प्राप्त गर्छौं ।
(पेज नं. १० मा हेरि आफ्ना उत्तरहरु जाँच्नुहोस् )

## अध्याय एकको पुनरावलोकन

येशूका दृष्टान्तहरुको अध्ययन हाम्रो परमेश्वरको वचन अध्ययनमा धेरै महत्वपूर्ण छ । दैनिक जीवनको संसारिक कथाको प्रयोग गरेर येशूले हामीलाई परमेश्वर र परमेश्वरसँगको हाम्रो सम्बन्धको बारेमा केहि कुरा सिकाउन चाहनुहुन्छ । येशूलाई थाहा छ कि धेरै मानिस कथाहरु पढ्न मन पराउछन् र असल शिक्षकको रुपमा येशले हामीलाई परमेश्वरको राज्यको बारेमा सिकाउनको लागि यस्तै कथाहरुको प्रयोग गर्नुभयो । येशूका दृष्टान्तहरु लोककथा वा काल्पनिक कथा होइनन् तर हामीले अध्ययने गर्नको लागि येशूख्रीष्ट, परमेश्वरको पुत्र र हाम्रो उद्धारकर्ताको बारेमा शिक्षा हुन् ।

दृष्टान्तको अध्ययन गर्नकको लागि हामीले यसलाई धेरै पटक पढ्नुपर्छ । हामीले दृष्टान्तका अगाडि र पछाडिका वाक्यहरु पनि पढनुपर्छ किनभने कहिलेकहि येशू हामीलाई भन्नुहुन्छ कि उहाँले किन दृष्टान्त भन्नुभयो वा दृष्टान्तको अर्थ के हो ? यद्यपि धेरै जसो दृष्टान्तहरु हामीलाई व्याख्या गरिएका छैनन् । त्यहाँ सहयोगको लागि हामीलाई पवित्र आत्माको आवश्यकता हुन्छ त्यस पछि हामी बुझ्छौं कि येशू हामीलाई के सिकाउदै हुनुहुन्छ । येशूका प्रत्येक दृष्टान्तहरु पृथ्वीमा र स्वर्ग हाम्रो जीवन र विश्वासको लागि आवश्यक छ ।

**अध्याय एक मा भएका प्रश्नहरुका उत्तरहरु**
१. संसारिक, स्वर्गीय २. एक ३. धेरै, भन्नुभयो ४. किन, अर्थ ५. असल सामरी ६. एकजनाको दाखबारीमा खेतालाहरु ७. मुख्य बिन्दु ८. एउटै ९. विश्वास, येशू, अनन्त जीवन, प्रेम

## अध्याय एकको जाँच

१. दृष्टान्त भनेको दैनिक जीवनको .................... कथा हो जसको .............................. अर्थ हुन्छ।

२. प्रत्येक दृष्टान्तको ........................ मात्र अर्थ हुन्छ।

३. केहि ठाउँमा येशूले उहाँले ...................... दृष्टान्त भन्नुभयो वा दृष्टान्तको ................................ के हो हामीलाई भन्नुहुन्छ।

४. येशूले "मेरो छिमेकी को हो ?" भन्ने प्रश्नको उत्तर दिनको लागि के दृष्टान्त भन्नुभयो ?

............................................................................

५. प्रत्येक दृष्टान्तमा हामीले दृष्टान्तले हामीलाई

.......................................

.................................................... के सिकाउँछ भनि खोज्नु पर्छ।

(पेज नं. ९७ मा हेरि आफ्ना उत्तरहरु जाँच्नुहोस् )



येशूले मरियमलाई एउटै कुरा मात्र आवश्यक
छ भनेर सिकाउनुभयो ।



*अध्याय दुइः*

## येशूले हाम्रो जीवनमा सबै भन्दा महत्वपूर्ण के छ भन्ने बारे हामीलाई सिकाउनुहुन्छ ।

यो अध्यायमा हामी येशूका तीन वटा दृष्टान्तहरुको अध्ययन गर्नेछौं, यो सिक्न कि परमेश्वरको वचनमा हाम्रो जीवन र येशूख्रीष्टमा हाम्रो विश्वासलाई निर्माण गर्नु अति महत्वपूर्ण छ । येशूले हामीलाई  यी दृष्टान्तहरुमा सिकाउनुहुन्छ :

- दुइ किसिमका जग
- गाड्धन, र
- बहुमुल्य मोति

यो पुस्तकको पहिलो अध्यायमा तपाईले दृष्टान्त भनेको स्वर्गीय अर्थ भएको संसारिक कथा हो भनेर सिक्नुभयो । जसै तपाई दृष्टान्त पढ्नुहुन्छ तपाई प्रत्येक विचार लागु गर्नुहुन्न तर तपाई दृष्टान्तको मुख्य आत्मिक विचारलाई लागु गर्नु हुन्छ ।

तपाईको जीवनमा सबैभन्दा महत्वपूर्ण कुरा के हो ? त्यो तपाईको परिवार हो ? त्यो तपाईको घर वा खेत हो ? येशू हाम्रो जीवनमा सबै भन्दा महत्वपूर्ण कुरा के हुनुपर्छ भनेर हामीले पढ्ने तीनवटा दृष्टान्तहरुमा हामीलाई सिकाउनुहुन्छ? हाम्रो जीवन परमेश्वरको वचनमा र हाम्रो विश्वास येशूमा निर्माण गर्नु सबै भन्दा महत्वपूर्ण कुरा हो ।



**प्रार्थना** : प्यारो स्वर्गीय पिता, हाम्रो जीवनमा तपाईले दिनुभएका सबै थोकको लागि धन्यवाद: हाम्रो परिवार, हाम्रो खाना, हाम्रो घर, हाम्रो कपडा र सबै अन्य थोकहरु जुन हामीलाई हाम्रो शरिर र जीवनको लागि चाहिन्छन् । हामी प्रार्थना गर्छौं कि तपाई हामीलाई सिकाउनुहुनेछ कि त्यहाँ हाम्रो लागि त्यो भन्दा पनि महत्वपूर्ण केहि छ । हामीलाई येशू ख्रीष्टमा भएको विश्वासलाई देखाउनुहोस् हाम्रो उद्धारकर्ता जसको बारेमा हामी बाइबलमा सिक्छौं, परमेश्वरको वचन, हाम्रो जीवनको सबै भन्दा महत्वपूर्ण चीज हो । हामी यो येशूको नाउँमा माग्छौं । आमिन् ।

# दुइ किसिमका जग

## परमेश्वरको वचनः– मत्ती ७:२४–२७

२४“यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो । २५अनि पानी पऱ्यो, र बाढी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र पनि त्यो घर ढलेन । किनकि त्यो चट्टानमाथि बसालिएको थियो । २६जसले मेरा यी वचन सुनेर पनि पालन गर्दैन, त्यसको तुलना एउटा मूर्ख मानिससँग गरिन्छ, जसले आफ्नो घर बालुवामाथि बनायो । २७पानी पऱ्यो, र बाढी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र त्यो घर ढल्यो, अनि त्यसको ठूलो विनाश भयो ।

## दृष्टान्तको व्याख्या

यो दृष्टान्तले हामीलाई देखाउदछ कि दृष्टान्तको अगाडि र पछाडि के लेखिएको छ भनि पढ्नु असल हो । येशूले भर्खरै मत्ती ५:६,७ मा लेखिएको डाडाँको उपदेशको प्रचारलाई सिध्याउनुभएको थियो । अहिले उहाँले यो दृष्टान्त यो कुरा औंल्याउनको लागि भन्नुभयो कि हामीले उहाँले के भन्नुभयो केवल सुन्ने वा पढ्ने मात्र गर्नुहुन्न, तर हामीले त्यो गर्नुपर्छ जुन उहाँले हामीलाई गर्न भन्नुभएको छ । जब हामी बुद्धिमान र मूर्ख निर्माताको दृष्टान्त पढ्छौ, हामी सिक्छौ कि संसारमा दुई किसिमका मान्छेहरु बस्छन् । बुद्धिमान मानिसहरु तिनीहरु हुन् जसले आफ्नो जीवनलाई येशू ख्रीष्टमा भएको विश्वासको चट्टानमा बनाउछन् जुन परमेश्वरको वचन, बाइबलको अध्ययनबाट आउँछ ।

बुद्धिमान मानिसहरुको जीवनमा समस्याहरु आउँछन् जसै दृष्टान्तमा पानी, बाढी र हुरीबाट चित्रण गरिएको छ । जब बुद्धिमानीहरुको जीवनमा समस्याहरु आउछन् ति समस्याहरु हाम्रो जीवनका अन्तिम परिक्षाहरु, हाम्रो मृत्यु पनि हुन्छन् । बुद्धिमानीहरुले आफ्नो भरोसा येशूमा राख्छन् र परमेश्वरको वचनद्वारा उहाँको सहयोग खोज्छन् । हामी परमेश्वरको वचन सुन्छौं । परमेश्वरको वचनले हामीलाई के सिकाउँछ त्यो पालन गर्छौं कि गर्दैनौं त्यसमा भरपर्छ । मूर्ख मानिसहरु तिनीहरु हुन् जसले आफ्नो जीवनलाई आफ्नै विचार र बलमा बसाल्छन् । तिनीहरु जो मूर्खहरु हुन् परमेश्वरको वचन कानले सुन्छन् मात्र तर त्यसको पालन गर्दैनन् त्यसपछि जब तिनीहरुको जीवनमा समस्याहरु आउँछन् मूर्ख मानिसहरु जीवनको हुरीद्वारा टाढा उडाएर लगिन्छन् । येशूमा विश्वास नगरिकन मूर्खहरु एकदमै दुःखदायी मृत्युमा मर्नेछन् ।

१. यो दृष्टान्तमा कुरा गरिएका दुई प्रकारका व्यक्ति तिनीहरु हुन् जो येशूमा ............................ गर्छन् र तिनीहरु जो येशूमा .......................
.........................गर्दैनन् ।

२. त्यो चट्टान जसमा हामीले हाम्रो जीवन राख्नुपर्छ त्यो येशूमा भएको हाम्रो .............................................
हो ।

३. तपाईको जीवनमा आएका समस्याहरु लेख्नुहोस्
क...................................................................
ख...................................................................
ग...................................................................

४. मूर्ख मानिसहरु परमेश्वरको वचन ......................तर तिनीहरुलाई परमेश्वरले के भन्नु हुन्छ त्यो .................................... गर्दैनन् ।

५. येशूमा विश्वास नगरिकन ....................................... मानिसहरु एकदमै दुःखदायी मृत्युमा मर्नेछन् ।

(तपाईका उत्तरहरु पेज नं. २३ मा हेरेर जाँच्नुहोस्)

येशू यो दृष्टान्तमा हामीलाई हाम्रो जीवनमा सबै भन्दा महत्वपूर्ण के हो भनेर सिकाउनुहुन्छ । उहाँ सिकाउनुहुन्छ कि हाम्रो जीवन येशूख्रीष्टमा भएको हाम्रो विश्वासमा बसाल्नुपर्छ । विश्वास हामी कहाँ परमेश्वरको वचनबाट आउँछ । हामी परमेश्वरको वचन सुन्दैनौं मात्र, तर हामी त्यही गर्छौं जे परमेश्वरको वचनले हामीलाई भन्दछ । तब हामी बुद्धिमान हुन्छौ । त्यसपछि हामीले हाम्रो जीवनलाई दृढ जगमा बसालेका छौं । १कोरिन्थी ३:११ ले हामीलाई भन्छ, "किनकि जुन जग बसालिसकिएको छ, जो येशू ख्रीष्ट हुनुहुन्छ, त्यस बाहेक कुनै मानिसले अर्को जग बसाल्न सक्दैन । भजनमा हामी गाउछौं" ख्रीष्ट बलियो चट्टानमा म उभिएको छु, अरु सबै भुमी बालुवामा तैरिरहेको छ ।"

# गाड्धनको दृष्टान्त

## परमेश्वरको वचन:– मत्ती १३:४४

स्वर्गको राज्य एउटा खेतमा गाडी राखिएको गाड्धनजस्तो हो, जो एक जना मानिसले भेट्टाएर लुकाइराख्दछ, र आनन्दित भएर ऊ जान्छ र आफूसित भएका सबै बेच्छ, र त्यो खेत किन्छ ।

## दृष्टान्तको व्याख्या

पहिलेको समयमा धनी मानिसहरु प्राय आफ्ना केहि पैसा वा बहुमुल्य गहना जमिनमा गाड्ने गर्थे । तिनीहरु आफ्नो सम्पत्तिलाई युद्ध र सरकार परिवर्तन हुदाँ खेरि हुने चोरी बाट सुरक्षित राख्न चाहान्थे । यदि त्यो व्यक्ति सम्पत्तिलाई बाहिर निकाल्नु भन्दा अगाडि नै मऱ्यो भने, त्यो खेतमा



लुकाइएकै रहन्थ्यो । पछि कसैले त्यसलाई पाउँथ्यो । यो दृष्टान्तमा येशूको मनमा एउटा विशेष खेत छ । त्यो खेत बाइबल, पवित्र धर्मशास्त्र हो । येशूले यूहन्ना ५:३९ मा भन्नुभयो, “तिमीहरु धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरु ठान्छौ । मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हन् । दृष्टान्तमा भएको त्यो बहुमूल्य धन वचन हो जुन हामी पढ्न र अध्ययन गर्न सक्छौं । धर्मशास्त्रमा हामी येशूलाई पापबाट हामीलाई बचाउने उद्धारकर्ताको रुपमा पाउँछौं । जब येशूले हामीलाई उहाँमा उद्धारकर्ताको रुपमा

विश्वासमा ल्याउनुहुन्छ, हामी स्वर्गको राज्यमा प्रवेश गर्छौं । येशूबाट हामीले अनन्त जीवन पाएका छौँ । दृष्टान्तको मुख्य कुरा के हो भने स्वर्गको राज्य हाम्रो जीवनमा भएका अन्य सबै थोक भन्दा बढी मुल्यवान छ ।

१.ठीक वा बेठीक:
दृष्टान्तमा भएको बहुमुल्य सम्पत्ति वचन हो ।

२. वचनहरु धेरै महत्वपूर्ण छन् किनभने तिनीहरुले हामीलाई येशूलाई देखाउछन् जो हाम्रा ................................ बाट बचाउने ...................................... हुनुहुन्छ ।

३. येशूमा भएको विश्वासबाट हामी ..............................को ............................मा प्रवेश गर्छौं ।
(तपाईका उत्तरहरु पेज नं. २३ मा हेरेर जाँच्नुहोस् )

यो दृष्टान्तमा येशूले हामीलाई सिकाउनुहुन्छ कि हाम्रो जीवनमा सबै भन्दा महत्वपूर्ण के हो । परमेश्वरको वचन । बाइबलले हामीलाई येशू र उहाँले हाम्रो लागि गर्नुभएका सबै कुराहरुको बारेमा बताउँछ । परमेश्वरको वचन हाम्रो जीवनमा सबै कुरा भन्दा बढी मुल्यवान छ । सायद हामी सँग घर  होला, खेत होला, व्यापार होला, तर यी संसारिक सम्पत्ति तब सम्म मात्र प्रयोग गर्न सकिन्छ जब सम्म हामी यस पृथ्वीमा रहन्छौं । येशूसँग सधैं स्वर्गमा रहने स्वर्गीय सम्पत्ति हाम्रो यस संसारमा भएको सम्पत्ति भन्दा बढी मुल्यवान छ ।

हाम्रो भजनहरु मध्ये एउटा हामी गाउछौँ, “येशू अमुल्य धन।” येशूद्वारा स्वर्गको मार्ग थाहा पाउँनको लागि हामी यस जीवनका सबै थोकहरुलाई त्याग्छौँ । उहाँको डाडाँको उपदेशको (मत्ती ६:३३) बेलामा येशूले हामीलाई भन्नुभयो, तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर र यी सबै थोक तिमीहरुलाई थपिनेछन् ।

## बहुमूल्य मोतिको दृष्टान्तः

---

### परमेश्वरको वचन :– मत्ती १३:४५,४६

> फेरि स्वर्गको राज्य असल मोतिहरु खोज्ने एउटा व्यापरीजस्तो हो । त्यसले एउटा बहुमुल्य मोति भेट्टाएपछि गएर आफूसँग भएका सबै बेचेर त्यो मोति किन्यो ।

### दृष्टान्तको व्यख्या

यो बहुमुल्य मोतिको दृष्टान्त र एउटा हामीले यो भन्दा अगाडि पढेको गाड्धनले एउटै कुरा सिकाए जस्तो देखिन्छ । तर यसमा एउटा सानो फरक छ । गाड्धनको दृष्टान्तमा यो सम्पत्तिलाई मान्छेले एउटा ठूलो अचम्मको रुपमा पाएको छ । बहुमुल्य मोतिको दृष्टान्तमा मोति पाउनको लागि सबै कुरा त्याग्छ । यो दृष्टान्तमा हामी फेरि सिक्छौँ कि सुसमाचारमा पाइने परमेश्वरको दयाको सुन्दरता र महिमा यति महान छन् कि



अरु कुरा महत्वपूर्ण छैनन् । येशूमा भएको उद्धार अमुल्य छ । ती मानिसहरु जसले यस धेरै अमुल्य उपहारको थाहा पाउछन् यो पाउनको लागि जीवनमा भएको जे थोक पनि त्याग्न तयार हुन्छन् । पहिलेको समयहरुमा व्यापारीहरुले उत्तम मोति किन्नको लागि धेरै पैसा तिर्थे । परमेश्वरले यस संसारका ती मानिसहरु जो असल थोकहरु खोज्छन् तिनीहरुलाई येशूलाइपाउन दिनुभयो । केहि व्यक्तिहरु येशूलाई भेट्टाउँछन् तर उहाँलाई पछ्याउदैनन् । सायद हामीसँग संसारिक सम्पत्तिहरु होलान तर परमेश्वरको वचनमा र बप्तिस्मा तथा प्रभुभोजको विधिमा येशूको बारेमा भएको असल समाचार हाम्रो जीवनमा भएका सबै थोक भन्दा बढी मूल्यवान् छन् ।

१. यो दृष्टान्तमा मानिसले मोति पाउनको लागि ...................... त्याग्छ ।

२. यो दृष्टान्तमा हामीले फेरि सिक्छौ कि परमेश्वरको ..............................को महिमा र सुन्दरता जो .............................. मा पाइन्छ अमूल्य छ ।

३. येशूको बारेमा परमेश्वरको ............................, र ............................र ....................को विधिमा भएको सु–समाचार हाम्रो जीवनमा भएका सबै थोक भन्दा बढी मूल्यवान छ ।
(तपाईका उत्तरहरु पेज नं. २३ मा हेरेर जाँच्नुहोस् )

येशू र उहाँमा विश्वासद्वारा हाम्रो उद्धार, यस संसारमा हाम्रो जीवन रहञ्जेलसम्म हामी सँग भएका थोकहरु भन्दा बढी मूल्यवान् छन् । र यो सत्य हो । परमेश्वर पितालाई

गर्नुभएको येशूको एउटा प्रार्थनामा उहाँले भन्नुभयो," तिनीहरुलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईको वचन सत्य हो ।(यूहन्ना १७ :१७)

हामीले येशूका तीन वटा दृष्टान्तहरु पढ्यौं जसले हामीलाई हाम्रो जीवनमा सबै भन्दा महत्वपूर्ण कुरो के हो भनेर सिकाउछन् बाइबल को अध्ययन अरु सबै थोक भन्दा बढी महत्वपूर्ण छ किनभने यसले हामीलाई येशू कहाँ र स्वर्गमा अनन्त जीवनमा डोऱ्याउछ । हामी परमेश्वरको व्यवस्थाको पालन गर्न सक्दैनौं र गर्दैनौ । तर सुसमाचारमा हामी पढ्छौं कि परमेश्वर पिताले येशूलाई हाम्रो संसारमा पठाउनुभयो येशूले हाम्रो लागि व्यवस्था सिद्ध रुपले पालन गर्नुभयो । हाम्रो सट्टामा, हाम्रा पापको दण्ड भोग्नको लागि उहाँ क्रूसमा मर्नुभयो । यो असल  समाचार अमूल्य सम्पत्ति हो र बहुमूल्य मोति हो । हामी हाम्रो जीवनमा असल थोकहरुको अभावलाई सहने छौं । हामी येशूले हामीलाई धर्मशास्त्रमा के सिकाउनुभयो त्यो पालन गर्नको लागि निन्दा र सतावटको सामना गर्नेछौं । त्यस पछि येशूमा विश्वासद्वारा हामीसँग अनन्त जीवनको आशिषित आशा छ । हाम्रो जीवनको अन्तमा हामी येशू सँगै स्वर्गमा बस्नेछौं । सबै प्रशंसा र महिमा परमेश्वरलाई होस् ।

४. बाइबलको अध्ययन सबै थोकहरु भन्दा बढी महत्वपूर्ण छ किनभने यसले हामीलाई ....................................
.................................... ।

५. त्यो असल समाचार येशूले हाम्रा पापहरुको लागि दण्ड भोग्नु भयो भन्ने कुरा ..........................................
................................ हो र बहुमूल्य मोति हो ।

६. हामी ............................हामीलाई ................................ मा के सिकाउनुहुन्छ त्यो पालन गर्नको लागि निन्दा र सतावटको सामना गर्छौं ।

(तपाईका उत्तरहरु पेज नं: २३ मा हेरेर जाँच्नुहोस् ।)



**प्रार्थना** : स्वर्गमा हुनुहुने प्यारो पिता, मोशाको समय देखि अहिले सम्मका वर्षहरुमा तपाईको वचन जुन बाइबलमा पाइन्छ त्यसको रक्षा गर्नुभएको लागि धन्यवाद । मेरो उद्धारकर्ता येशूमा त्यो वचनको प्रयोग गरेर मलाई विश्वासमा ल्याउनुभएको लागि धन्यवाद । तपाईको वचन बहुमूल्य ठान्नलाई मलाई सहायता गर्नुहोस् र यसलाई पढ्न र अध्ययन गर्नको लागि ताकि मेरो विश्वास तपाईमा बलियो भएर रहोस् र म यो येशूको नाउँमा माग्छु । आमिन् ।

**अध्याय दुईमा भएका प्रश्नका उत्तरहरु :**

**दुइ किसिमका जगको दृष्टान्त**

१. विश्वास गर्छन वा विश्वास गर्दैनन् २. विश्वास ३. बिरामी, मृत्यु, पैसाको अभाव ४. सुन्नु, पालन ५. मूर्ख

**गाइधनको दृष्टान्त**

१. ठीक २. उद्धारकर्ता, पाप ३. राज्य, स्वर्ग

**३. बहुमूल्य मोतिको दृष्टान्त**

१. सबै थोक २. दया, सुसमाचार ३. वचन, बप्तिस्मा, प्रभुभोज
४. डोऱ्याउनु, येशू ५. अमूल्य सम्पत्ति ६. येशू, वचन

## अध्याय दुईको जाँच

१. यो दृष्टान्तमा कुरा गरिएका दुई प्रकारका व्यक्ति तिनीहरु हुन् जो येशूमा ............................ गर्छन् र तिनीहरु जो येशूमा ........................ ........................गर्दैनन् ।

२. त्यो चट्टान जसमा हामीले हाम्रो जीवन राख्नुपर्छ त्यो येशूमा भएको हाम्रो .............................................. हो ।

३. दृष्टान्तमा, हाम्रो जीवनमा आउने समस्यहरु लाई ............................, ..................... र ............................. सँग तुलना गरिएको छ ।

४. मूर्ख मानिसहरु परमेश्वरको वचन .......................तर तिनीहरुलाई परमेश्वरले के भन्नु हुन्छ त्यो .................................... गर्दैनन् ।

५. येशूमा विश्वास नगरिकन ..................................... मानिसहरु एकदमै दु:खदायी मृत्युमा मर्नेछन् ।

६. ठीक वा बेठीक:
दृष्टान्तमा भएको बहुमुल्य सम्पत्ति वचन हो ।


७. वचनहरु धेरै महत्वपूर्ण छन् किनभने तिनीहरुले हामीलाई येशूलाई देखाउछन् जो हाम्रा ............................... बाट बचाउने ...................................... हुनुहुन्छ ।

८. येशूमा भएको विश्वासबाट हामी ...............................को ............................मा प्रवेश गर्छौं ।

९. त्यो असल समाचार येशूले हाम्रा पापहरुको लागि दण्ड भोग्नु भयो भन्ने कुरा ........................................... ................................ हो र बहुमूल्य मोति हो ।

१०. हामी ............................हामीलाई ............................... मा के सिकाउनुहुन्छ त्यो पालन गर्नको लागि निन्दा र सतावटको सामना गर्छौं ।

(पेज नं. ९७ मा हेरि आफ्ना उत्तरहरु जाँच्नुहोस् )



पवित्र इसाई मण्डलीको वृद्धि हुन्छ ।



*अध्याय तीनः*

# येशूले हाम्रो जीवनमा परमेश्वरको वचन कसरी वृद्धि हुन्छ भन्ने सिकाउनुहुन्छ ।

यो अध्यायमा येशूका दृष्टान्तहरुको हाम्रो अध्ययनलाई निरन्तरता दिँदै हामी कसरी परमेश्वरको वचन हाम्रो जीवन र ख्रीष्टियान मण्डलीको जीवनमा वृद्धि हुन्छ भन्ने कुरा येशूबाट सिक्नेछौं । येशूले यो हामीलाई यी दृष्टान्तहरुमा सिकाउनुहुनेछ :

- बिउ छर्नेको दृष्टान्त
- सामाको दृष्टान्त र
- रायोको दाना

यो पुस्तकको पहिलो अध्ययमा तपाईले सिक्नुभयो कि दृष्टान्त भनेको स्वर्गीय अर्थ भएको संसारिक कथा हो । येशूका दृष्टान्तहरुको तपाईको अध्ययनमा तपाईले यो सिक्नुभयो कि प्रत्येक दृष्टान्त सँग तपाईलाई सिकाउन को लागि मुख्य आत्मिक विचार छ ।

जब तपाई एउटा ढुङ्ग पानीको पुलमा फ्याक्नु हुन्छ तब के हुन्छ ? तपाई पानीमा एउटा छाल देख्नुहुन्छ र प्राय जसो पानी माथि वृतहरु देख्नुहुन्छ जब तपाई जमिनमा बीउ छर्नु हुन्छ तब के हुन्छ ? तपाई देख्नुहुनेछ त्यो फूल नफुलुन्जेल वा केहि घाँस नहुन्जेल वा रुख  नहुन्जेल बढ्छ । अब आफैलाई सोध्नुहोस्, जब परमेश्वरको वचन प्रचार गरिन्छ र सिकाइन्छ तब के हुन्छ ? परमेश्वरको वचनको तपाईको जीवनमा के प्रभाव छ ? हामी यो प्रश्नको उत्तर यस अध्यायमा पाउछौं ।



**प्रार्थना** : स्वर्गमा हुनुहुने प्यारो प्रभु, हामी विश्वास गर्छौं कि तपाईको वचनको हाम्रो जीवनमा असल प्रभाव हुनेछ । हामी प्रार्थना गर्छौं कि आज हामीमा यसको प्रभाव होस् ताकि हामी हाम्रो विश्वासमा बलियो होओ र तपाईलाई हाम्रो प्रभु र उद्धारकर्ता हो भनि विश्वास गर्न सकौं । कृपया झूटा शिक्षकहरु र हाम्रो आफ्नै पापपूर्ण स्वभावले हामीबाट तपाईका वचन लैजान नदिनुहोस् । जसै हामी तपाईको वचन अध्ययन गर्नेछौं । हामीलाई आशिष दिनुहोस् । हामी यो येशूको नाउँमा माग्छौं । आमिन् ।

# बीउ छर्नेको दृष्टान्त

## परमेश्वरको वचन : मत्ती १३:३–९, १८–२३

उहाँले तिनीहरुलाई दृष्टान्तमा धेरैकुरा भन्नुभयो । उहाँले भन्नुभयो, एउटा बीउ छर्ने बीउ छर्नलाई निस्क्यो । अनि यसरी छर्दा केही बीउ बाटो तिर परे, र चरा चुरुङ्गीले आएर ति खाइदिए । केही बीउ ढुङ्गेनी जमीनमा परे, जहाँ धेरै माटो थिएन र गहिरो माटो नभएकोले ती छिट्टै उम्रे । तर जब घाम लाग्यो ती ओइलाए र जरा नभएकोले ती सुकीहाले । अरुहरुचाहिँ काँडाका बीचमा परे । तर काँडाहरु बढेर आए र तिनलाई निसासिदिए । अरु बीउ असल जमीनमा परे र कुनैले सय, कुनैले साठी र कुनैले तीस गुना फल दिए । जसको कान छ, त्यसले सुनोस ।

बीउ छर्नेको दृष्टान्त सुन् । जब कसैले राज्यको बचन सुन्दछ र सो बुझ्दैन, तब दुष्ट आउँछ र त्यसको हृदयमा जे छरिएको थियो सो खोसेर लैजान्छ । बाटोतिर छरिएको बीउचाहिँ त्यो हो । ढुङ्गेनी जमीनमा छरिएको चाहिँ त्यो हो जसले बचन सुन्ने बित्तिकै खसीसाथ झट्टै त्यो स्वीकार गर्दछ । तर त्यसको आफ्नै जरा नभएकोले त्यो धेरै बेर मात्र टिक्छ । र बचनको कारणले कष्ट कि सतावट परिआउने बित्तिकै त्यो पछि हट्छ । काँडाहरुमा छरिएको चाहिँ त्यो हो जसले बचन सुन्छ तर यस संसारको फिक्री र धन सम्पतिको छलले बचनलाई बाधा दिन्छ र त्यो फल नदिने हुन्छ । तर असल जमीनमा छरिएको चाहिँ त्यो हो जसले बचन सुन्छ र बझ्दछ र साच्चै फल फलाउँछ । त्यसले छरेको बीउबाट सयगुणा, साठीगुणा र तीसगुणा फल फलाउँछ ।

## दृष्टान्तको व्याख्याः

येशूले 'सुन' भन्नु हुन्छ । हामीले यो बीउ छर्नेको दृष्टान्तको व्याख्या सुन्नुपर्छ । येशू उहाँ आफैले हाम्रो लागि यो दृष्टान्तको व्याख्या गर्नुभयो । त्यहाँ दुईवटा महत्वपूर्ण थोकहरु छन् जसले हामीलाई यो दुष्टान्त बुझ्नाको लागि सहयता गर्छन् । एउटा बीउ हो । बीउ परमेश्वरको वचन हो । र अर्को एउटा चाहि जमीन हो जसमा बीउ खस्छ । जमीन हाम्रो हृदय हो जुन परमेश्वरको वचन सुन्छ । जसै किसानले बीउ छर्छ केहि बीउ सही जमीनमा पर्दछन् । चराहरुले त्यो बीउ खाइदिए । यो अवस्थामा अब मानिसहरुले



परमेश्वरको वचन सुन्छन् शैतानले त्यो खोसेर लग्छ । मानिसहरु परमेश्वरको वचन सुन्छन् तर त्यसलाई भुलि हाल्छन् । तिनीहरु येशूले के भन्नुहुन्छ त्यो विश्वास गर्दैनन् । परमेश्वरका केहि वचनहरुले हाम्रो हृदयलाई खुशी बनाउछन् । तर यस्ता मानिसहरुको विश्वास येशूको कारणले उनीहरुको जीवनमा आउने समस्याहरु दुःखहरु र सतावटहरुलाई सहन सक्ने खालको गहिरो वा बलियो हुदैन । तेस्रो प्रकारको मानिसहरुको जीवन चाहिँ संसारिक इच्छाहरुले भरिएको र सम्पत्तिको पछाडि लाग्ने हुन्छन् । यी असल संसारिक जीवनका इच्छाहरुले परमेश्वरको वचन

अध्ययन गर्ने इच्छालाई घेरेर बाहिर निकाल्छ । धनको मायाले तिनीहरुका हृदय भरिन्छन् । अन्तमा अन्तिम समूहका मानिसहरुले परमेश्वरको वचनलाई सुन्छन् र येशूलाई पछ्याउछन् । तिनीहरुका हृदयहरु व्यवस्थाले तयार गरिएका हुन्छन् । तिनीहरु जान्छन् कि तिनीहरु आफैले आफैलाई बचाउन सक्दैनन् र येशूले हामीलाई बचाउनुहुन्छ भन्ने असल समाचार सुन्छन् । त्यस पछि सु–समाचारले असल थोकहरु तिनीहरुको जीवनमा अगाडि ल्याउनुहुन्छ । येशूमा भएका यी विश्वासीहरुद्वारा धेरै मानिसहरुले तिनीहरु पनि कसरी बचाइएका छन् भन्ने बारे सिक्छन् ।

१. यो दृष्टान्तमा भएको बीउ ..................... को ........................ हो ।

२. यो दृष्टान्तमा भएको जमीन हाम्रो ...................... हो जसले परमेश्वरको वचनलाई ............................ ।

३. केहि मानिसहरु परमेश्वरको वचन सुन्छन् तर त्यसलाई ............................... ।

४. केहि मानिसहरुको विश्वास येशूको कारणले तिनीहरुको जीवनमा आउने ....................................... ................................... र ............................. लाई सहन सक्ने जति गहिरो हुदैन ।

५. असल ............................... ........................ जीउने इच्छाहरुले केहि मानिसहरुमा परमेश्वरको वचन अध्ययन गर्ने इच्छालाई घेरेर बाहिर निकाल्छन् ।

६. केहि मानिसहरुले परमेश्वरको वचन सुन्छन् र
........................... पछ्याउँछन् ।
(तपाईका उत्तरहरु पेज नं: ३८ मा हेरेर जाँच्नुहोस् ।)


शैतानलाई, संसारका मानिसहरुलाई वा  यस जीवनको आनन्दलाई तपाईलाई परमेश्वरको वचन सुन्नबाट र अध्ययन गर्न बाट टाढा लैजान नदिनुहोस् । परमेश्वरको त्यो वचनले तपाईलाई धेरै आशिष दिन्छ । जब हामी परमेश्वरको वचन पढ्छौं, परमेश्वरको राज्य हाम्रो हृदयमा र जीवनमा वृद्धि हुन्छ । येशू हामीलाई भन्नुहुन्छ" " - यूहन्ना ५: २४)

# सामाको दृष्टान्त

## परमेश्वरको वचन : मत्ती १३:२४–३०

२४येशूले फेरि तिनीहरुलाई अर्को दृष्टान्त सुनाउनुभयोः
“स्वर्गको राज्य एउटा मानिसजस्तो हो, जसले आफ्नो
खेतमा असल बीउ रोप्यो । २५तर मानिसहरु सुतेका बेला
उसको शत्रु आयो, र गहूँका बीच–बीचमा सामाहरु रोपेर
गयो । २६जब बोट निस्केर त्यसमा दाना लागे, तब सामा
पनि देखा पर्‍यो
२७घरका मालिकका कमाराहरुले आएर उसलाई भने,
‘हजुर, के तपाईले आफ्नो खेतमा असल बीउ रोप्नुभएको
होइन ? त्यहाँ सामा कहाँबाट आयो ?’
२८“घरको मालिकले तिनीहरुलाई भन्यो, ‘कुनै शत्रुले यसो
गरेको हो ।’
कमाराहरुले उसलाई भने, ‘के हामी ती बटुलौं ?
२९“तर उसले भन्यो, ‘त्यसो नगर, नत्रता तिमीहरुले सामा
उखेल्दा गहूँसमेत उखेलिपठाउनेछौ । । ३०फसलको
समयसम्म दुवैलाई सँगसँगै बढ्न देओ । फसलको बेलामा
कटनी गर्नेहरुलाई भन्नेछु, ‘पहिले गहूँचाहिँ मेरो ढुकुटीमा
राख’।”

## दृष्टान्तको व्याख्याः



यो दृष्टान्तको व्याख्या धेरै सजिलो छ । खेत संसार हो । किसान परमेश्वर हुनुहुन्छ । असल बीउ जसले गहुँ उत्पादन गर्छ त्यो चर्चमा भएका विश्वासीहरु हुन् जुन हामी संसारमा देख्न सक्छौं । शत्रु शैतान हो । सामा

चर्चमा भएका तिनीहरु हुन् जोहरु तिनीहरु विश्वास गर्छौं भनी भन्छन् तर साँच्चै गर्दैनन् । तिनीहरु मध्ये कोहीहरु झूटा सिद्धान्तहरु सिकाउछन् । दुबै विश्वासी र अविश्वासी हाम्रो संसारमा रहनेछन् तर संसारको अन्त्यमा तिनीहरु जोहरु विश्वासी होइनन् तिनीहरुलाई सँगै जम्मा गरिनेछ र कहिले नाश नहुने नरकको आगोमा जलाइनेछ । विश्वासीहरुले स्वर्गको आशिषमा आनन्द गर्नेछन् र अनन्त सम्म स्वर्गमा रहनेछन् ।

१. दृष्टान्तमा भएको गहुँ .............................. हो ।

२. 'सामा' ................................ मा भएका तिनीहरु हुन् जो ................... गर्छौं भन्छन् तर ............ .

३. 'सामा' ले गहुँलाई ........................ ...................... सिकाएर नाश गर्ने प्रयास गर्छन् ।

४. न्यायको दिनमा अविश्वासीहरुलाई कहिले ननिभ्ने ............................... को आगोमा ............................................ छ ।

५. न्यायको दिनमा विश्वासीहरु ................................ को ............................ मा आनन्द गर्ने छन् ।

(तपाईका प्रश्नका उत्तरहरु पेज नं. ३८ मा हेरेर जाँच्नुहोस्)

यो दृष्टान्तले त्यो व्याख्या गर्छ कि अविश्वासी र विश्वास हाम्रो संसारमा जति पनि मान्छे बसेका छन् तिनीहरुको न्याय गर्नलाई परमेश्वर नआए सम्म यस संसारमा सँगै बस्ने छन् जब विश्वासीहरुले साँचो परमेश्वरलाई आराधना

गर्न र उहाँको वचन, बाइबलको अध्ययन गर्न शुरु गर्छन् परमेश्वरको वचन तिनीहरुको जीवनमा वृद्धि हुन्छ। विश्वासी बाहेक मण्डलीमा त्यहाँ अरु पनि मानिसहरु हुन्छन् जो तिनीहरु आफैलाई विश्वासी हुँ भन्छन् तर तिनीहरु हुँदैनन् र कोहीहरु विश्वासीको विश्वासलाई झूटा सिद्धान्त सिकाएर नाश गर्न प्रयास गर्छन्। परमेश्वरको वचनले हामीलाई सिकाउँछ, "(यहूदा १५–२०), ।"

यसैकारण हामी असल गहुँ हन चाहन्छौं। हामी परमेश्वरको वचन पढ्नेछौं। हामी साँचो परमेश्वरलाई आराधना गर्नेछौं। हामी उहाँलाई प्रार्थन ागर्नेछौं र हाम्रो ख्रीष्टियान जीवनमा उहाँको सेवा गर्नेछौं।

## रायोको दानाको दृष्टान्तः

---

## परमेश्वरको वचन : मत्ती १३:३१–३२

३१येशूले तिनीहरुलाई अर्को दृष्टान्त भन्नुभयो, "स्वर्गको राज्य रायोको दानाजस्तो हो, जो एक जना मानिसले लगेर आफ्नो बारीमा रोप्यो। ३२त्यो सबै बीउहरुमा सानो हुन्छ, तर जब बढ्छ, तब त्यो सबै सागपातहरुभन्दा ठूलो हुन्छ र रुख नै भइहाल्छ। आकाशका चराचुरुङ्गीहरु आएर त्यसका हाँगाहरुमा गुँड लाउँछन्।"

## दृष्टान्तको व्याख्या :

यो दृष्तान्ट बुझ्नको लागि सजिलो छ। प्राय: सबै जसो हामीले जमीनमा बीउ लगाएका छौँ। हामीले तिनीहरु बढेको देखेका छौँ। केहि बीउहरु सानो बिरुवा हुनको लागि बढेका हुन्छन् र अरु ठूलो रुख हुनको लागि। हामी यो भन्दा अगाडि पढेको दृष्टानतमा हामीले सिक्यौँ कि कसरी परमेश्वरको वचन हाम्रो जीवन र हृदयमा वृद्धि हुन्छ। यो दृष्टान्तमा हामी सिक्नेछौँ कि कसरी परमेश्वरको वचनद्वारा येशूका मण्डलीहरु संसारभरी नै वृद्धि हुन्छन् यो अचम्म छ कि कसरी येशूको राज्य सानो देखि शुरु भएर सारा संसारभरी छरिने सम्म वृद्धि हुन्छ। परमेश्वरले उहाँको एकमात्र पुत्र येशूलाई संसारमा पठाउनुभयो ताकि संसारको मानिसहरु बचाइन सकूँन। नयाँ नियमको मण्डली त्यति खेर शुरु भएको थियो जति खेर येशूले उहाँका बाह्र जना चेलाहरुलाई छान्नुभयो। त्यसपछि त्यहाँ ७० जना चेलाहरु थिए र पेन्तिकोसको चाडमा ३००० आत्माहरु चर्चमा थपिए। -प्रेरित २:१–४१ पढ्नुहोस्)। आज संसारको प्रत्येक राष्ट्रमा विश्वासीहरु पाइन्छन्। त्यो सानो दाना सु–समाचार को सन्देशद्वारा एउटा विशाल रुखमा वृद्धि भएको छ। आज मान्छेहरु दृष्टान्तमा चराहरु झैं, येशूका वचनद्वारा



तिनीहरुका आत्माको लागि आशा र विश्राम पाउँछन्, जसले भन्नुभयो, "(मत्ती ११:२८–३०) यो दृष्टान्तले हामीलाई हाम्रो मण्डलीको काममा उत्साह दिन्छ र हामीलाई आनन्दले भर्छ ।

१. यो दृष्टान्तमा हामीले सिक्छौ कि कसरी परमेश्वरको वचनद्वारा येशूको ................................ ...............................हुन्छ ।

२. परमेश्वरले येशू, उहाँको एक्लै पुत्रलाई संसारमा पठाउनु भयो ताकि .................... का मानिसहरु .................... सकून् ।

३. पेन्तिकोसको चाडमा ...............आत्माहरु मण्डलीमा थपिएका थिए ?

४. तपाईको ........................... को लागि .............................. छ किनभने तपाई येशूको मण्डलीको सदस्य हुनुहुन्छ ।

(तपाईका प्रश्नका उत्तरहरु पेज नं. ३८ मा हेरेर जाँच्नुहोस् )

परमेश्वरले उहाँको मण्डलीलाई वृद्धि गराउनुहुन्छ । सु–समाचारको प्रचार र शिक्षा मानिसको हृदय र जीवनमा पसिसकेका छन् । हामी हाम्रो व्यक्तिगत विश्वासमा बढेका छौं । प्रेरित पावलले हामीलाई बताउछन्, "(रोमी १:१६)।" त्यसै गरि जसरी हाम्रो जीवनमा विश्वास वृद्धि हुन्छ त्यसरी परमेश्वरको वचन संसारभरी छरिएको छ र वृद्धि हुन्छ । येशूले उहाँ स्वर्गमा फर्किनुभन्दा अगाडि आफ्ना चेलाहरुलाई भन्नुभयो, "(प्रेरित १:८) सु–समाचारद्वारा

विश्वासीहरुको जीवन आनन्द र शान्तिले भरिएका छन्। यो येशूको बारेमा असल समाचार हो जसलाई हामी संसारभरी सिकाउँन र प्रचार गर्नको लागि हौँ। त्यसपछि परमेश्वरले हाम्रो समुदायमा र संसारभरी नै चर्चको वृद्धि गराउनुहुनेछ।

**अध्याय तीनका प्रश्नहरुको उत्तरः**

**बीउँ छर्नेको दृष्टान्तः**

१. बचन परमेश्वर २. हृदयहरु, सुन्नु ३. क्षमा ४. दुःखहरु, कष्टहरु, सतावटहरु ५. संसारिक जीवन ६. येशू

**सामाको दृष्टान्तः**

१. बिश्वासीहरु २. मण्डली, बिश्वासीहरु, हुदैन् ३. झूटा सिद्धान्तहरु, ४.जलाउनु, नरक ५. आशिषहरु, स्वर्ग

**रायोको दानाको दृष्टान्तः**

१. मण्डली, बढ्छ २. संसार, बचाइएकोछ ३. ३००० ४. आत्मामा, बिश्राम



**अन्तिम प्रार्थना** : प्यारो येशू, हामी तपाईलाई धन्यवाद दिन्छौं कि तपाई यस संसारमा हामीलाई हाम्रो पापहरुदेखी, मृत्युको डरदेखि र शैतानदेखि बचाउँन आउनुभयो । हामी तपाईको प्रशंसा गर्छौं कि तपाईको वचनद्वारा हामी तपाई सबै मानिसको उद्धारकर्ता हुनुहुन्छ भन्ने विश्वासमा आएका छौं । सु–समाचारको अध्ययनद्वारा हाम्रो विश्वासलाई बलियो बनाउनुहोस् । तपाईको वचनलाई संसारको सबै ठाउँमा जान दिनुहोस् ताकि जुन आनन्द र शान्ति हाम्रो मन, भर्छ त्यो धेरै मानिसहरुले पाउन सकून् । तपाईको नाउँमा हामी यो प्रार्थना गर्दछौं । आमिन् ।

## अध्याय तीनको जाँच

१.बीउ छर्नेको दृष्टान्तमा भएको बीउ ......................... को ...................... हो ।

२. यो दृष्टान्तमा भएको जमीन हाम्रो ...................... हो जसले परमेश्वरको वचनलाई ............................ ।

३.केहि मानिसहरु परमेश्वरको वचन सुन्छन् तर त्यसलाई ................................ ।

४. केहि मानिसहरुको विश्वास येशूको कारणले तिनीहरुको जीवनमा आउने ....................................... ...................................... र ............................ लाई सहन सक्ने जति गहिरो हुदैन ।

५. असल ............................... ......................... जीउने इच्छाहरुले केहि मानिसहरुमा परमेश्वरको वचन अध्ययन गर्ने इच्छालाई घेरेर बाहिर निकाल्छन् ।

६. केहि मानिसहरु जान्छन् कि तिनीहरु आफैलाई ....................... सक्दैनन् र येशूले हामीलाई बचाउनुहुन्छ भन्ने .......................... ......................... मा विश्वास गर्छन् ।

७.सामाको. दृष्टान्तमा भएको गहुँ ....................... हो ।

८. ‘सामा’ ................................ मा भएका तिनीहरु हुन् जो आफैलाई.................... गर्छु भन्छन् तर वास्तवमा.................।

९. ‘सामा’ ले गहुँलाई .........................
...................... सिकाएर नाश गर्छ ।

१०.न्यायको दिनमा अविश्वासीहरुलाई कहिले ननिभ्ने
............................... को आगोमा
............................................ छ ।

११. न्यायको दिनमा विश्वासीहरु ................................
को ............................ मा आनन्द गर्ने छन् ।

१२. रायोको दानाको दृष्टान्तमा हामीले सिक्यौँ कि कसरी परमेश्वरको वचनद्वारा येशूको ...............................
संसारभरि नै .............................. हुन्छ ।

१३. परमेश्वरले येशू उहाँको एकमात्र पुत्रलाई संसारमा पठाउनुभयो ताकि ..................... का
........................ बचाइन सकूँन ।

१४. पेन्तिकोसको चाडमा ...............आत्माहरु मण्डलीमा थपिएका थिए ?

१५. तपाईसँग .......................... को लागि
............................ छ किनभने तपाई येशूको मण्डलीको सदस्य हुनुहुन्छ ।

(पेज नं. ९७ मा हेरि आफ्ना उत्तरहरु जाँच्नुहोस् )



फरिसी र कर उठाउनेको प्रार्थना



*अध्याय चार :*

# येशूले हामीलाई क्षमाको लागि उहाँमा विश्वास गर्न सिकाउनुहुन्छ ।

यो अध्यायमा हामी येशूले सिकाउनुभएका धेरै दृष्टान्तहरु पढ्ने छौँ र सिक्नेछौँ कि कसरी हामीले हाम्रा सबै पापहरुको क्षमाको लागि उहाँमा विश्वास गर्नुपर्छ । हामी तलका दृष्टान्तहरुको अध्ययन गर्नेछौँ ।

- हराएको भेडाको दृष्टान्त
- हराएको छोराको दृष्टान्त र
- फरिसी र कर उठाउनेको दृष्टान्त

हामीले सिक्यौं कि दृष्टान्त भनेको स्वर्गीय अर्थ भएको संसारिक कथा हो । येशूको दृष्टान्तहरुको हाम्रो अध्ययनमा हामीले सिक्यौं कि प्रत्येक दृष्टान्तसँग मुख्य आत्मिक कुरा हुन्छ जुन त्यसले हामीलाई सिकाउँन चाहन्छ । के तपाईले कहिले न्यायधिशको अगाडि न्यायलयको कक्षामा उभिनुभएको छ ? मलाई थाहा छ म उभिएको छु, र म आनन्दले भरिएको थिए जब मलाई न्यायधिशले म अपराधको दोषी छैन भनेको थियो । त्यहि नै परमेश्वरले तपाईको लागि गर्नुभएको छ । बाइबलले हामीलाई बताउँछ कि हामी धर्मी ठहरिएका छौं धर्मी ठहरिनुको मतलव त्यो हो कि परमेश्वरले न्यायधिश जस्तै येशूले हाम्रा लागि जे गर्नुभयो त्यसको कारण हाम्रा पापहरु क्षमा दिइएका छन् भनि घोषणा गर्नुहुन्छ । यो अध्यायमा हामी ती दृष्टान्तहरु पढ्नेछौं जसले हाम्रो हृदय र जीवनलाई आनन्दले भरर्छन् किनभने हाम्रा पापहरु सर्वशाक्तिमान परमेश्वर र स्वर्गमा हुनुहुने न्यायधिशद्वारा क्षमा दिइएका छन् ।



**प्रार्थना** : प्यारो परमेश्वर हामीले धेरै तरिकाले तपाईका आज्ञाहरु पालन गरेका छैनौ । हामीले हाम्रा साथीहरु र छिमेकीहरुको विरुद्धमा धेरै पटक पाप गरेका छौं । हामीलाई हाम्रा सबै पापहरुको लागि क्षमा माग्नलाई र हाम्रा सबै पापहरुको क्षमाको लागि येशूमा विश्वास गर्नलाई सिकाउनुहोस् ।

# हराएको भेडाको दृष्टान्त

## परमेश्वरको वचन : लूका १५:४–७

४“तिमीहरुमध्ये कुन मानिस होला, जसको एक सय भेडामध्ये एउटा हराउँदा उनान्सयलाई वनमै छोडेर हराएको भेडा नपाउञ्जेल त्यसको खोजी गर्दैन ? ५हराएको भेडा भेट्टाएपछि रमाउँदै त्यसलाई आफ्नो काँधमा राख्छ, ६र घरमा आएर उसले आफ्ना मित्रहरु र छिमेकीहरुलाई बोलाउँछ, र तिनीहरुलाई भन्छ, ‘मसँग रमाओ, किनभने मैले आफ्नो हराएको भेडा पाएको छु ।’ ७म तिमीहरुलाई भन्दछु, यसरी पश्चात्ताप गर्नु नपर्ने उनान्सय धार्मिक जनहरुका लागि भन्दा पश्चात्ताप गर्ने एक जना पापीको लागि स्वर्गमा अझ बढी आनन्द हुनेछ ।

## दृष्टान्तको व्याख्या :

हराएको भेडाको दृष्टान्त धेरै सजिलो छ । यो येशूले व्याख्या गर्नुभएको दृष्टान्त हो । यस दृष्टान्तमा दुइ प्रकारका मानिसहरुको व्याख्या गरिएको छ । एउटा कर उठाउने र पापी हो । तिनीहरुले ती मानिसहरु थिए जो अरुलाई ठग्थे र परमेश्वरको व्यवस्था विरुद्ध पाप गर्थे । अर्को मानिसहरु फरिसी र शास्त्रीहरु थिए । यिनीहरु ती मानिसहरु थिए जो आफैलाई धर्मी ठान्थे र तिनीहरु सोच्थे कि तिनीहरु कुनै गलत काम गर्दैनन् र आफैलाई बचाउन सक्छन् । येशू सबै मानिसहरुलाई बचाउनको लागि र तिनीहरुका सबै पापको क्षमा दिनलाई आउनुभयो । उहाँले भन्नुभयो “(लूका १९:१०) ।” उहाँको प्रेम विशेष गरि त्यस्ताहरुको लागि देखाउनुभयो जोहरुले उहाँको दयाको आवश्यकतालाई

महसुस गरे । येशूले ९९ वटा भेडाहरुलाई छोड्नुभयो जो ती मानिसहरु थिए जो अगाडि देखि नै विश्वासी थिए र एउटा त्यो हराएको र येशू सबै मानिसको उद्धारकर्ता हुनुहुन्छ भन्ने विश्वास नगर्ने भेडालाई खोज्नुभयो ।



परमेश्वरको अनुग्रह हराएको पापीमाथि रहन्छ, जो नभेटिए सम्म र येशूमा विश्वासमा नआएसम्म अनन्तको लागि मर्नेछ । हराएको भेडो भेटियो र गोठालोका साथीहरुको बीचमा आनन्द हुन्छ त्यसरी नै आफ्ना पापहरुको लागि पश्चात्ताप गर्ने र ऊ परमेश्वरद्वारा क्षमा दिइएको छ भनी विश्वास गर्ने एक जना पापीको लागि स्वर्गमका आनन्द हुन्छ । व्यवस्थाका प्रचारबाट हामी यो सिक्छौं कि हामी पापीहरु हौं ।

सु–समाचारले हामीलाई यो देखाउँछ कि येशू हाम्रो उद्धारकर्ता हुनुहुन्छ । यो असल समाचारले हाम्रो हृदयमा शान्ति र आनन्द ल्याउँछ र त्यसै गरि स्वर्गमा पनि आनन्द हुन्छ । हामी येशूलाई हाम्रा सबै पापहरुको क्षमा दिन विश्वास गर्न सक्छौं ।

१. येशू संसारमा ............... मानिसहरुलाई बचाउन आउनुभयो ।

२. तिनीहरु जो येशूले तिनीहरुका पापहरु क्षमा दिनुहुन्छ भनी विश्वास गर्दैनन् तिनीहरु ........................ लागि मर्नेछ ।

३. हामी येशूमा हाम्रा सबै पापहरुको क्षमा दिनको लागि ................... गर्न सक्छौं ।

४. येशू हाम्रो ............................... ...................... हुनुहुन्छ ।
(तपाइको प्रश्नका उत्तर पेज नं. ५७ मा हेरेर जाँच्नुहोस्)

हामी यो दृष्टान्त बुझ्न सक्छौं जुन येशूले हाम्रो लागि व्याख्या गर्नुहुन्छ । हराएका पापीहरुलाई खोज्ने र तिनीहरुका पापहरुको क्षमा दिने येशू नै हुनुहुन्छ । हामीले आफैलाई बचाउनको लागि गर्न सक्ने कुनै कुरा छैन । येशूले सबै कुरा गरिसक्नु भएको छ र हामी उहाँमा विश्वास गर्न सक्छौं किनभने उहाँ परमेश्वरको पुत्र र हाम्रो उद्धारकर्ता हुनुहुन्छ । परिणाम यो छ कि प्रत्येक पापी जो पश्चात्ताप गर्छ त्यसको लागि स्वर्गमा आनन्द हुन्छ । प्रेरित पावलले फिलिप्पी ४:४ मा हामीलाई भन्दछन् “सधै आनन्दीत होओ किनभने तिमीहरु परमेश्वरका हौ । म फेरि पनि भन्दछु, आनन्द गर ।”

# हराएको छोराको दृष्टान्त

## परमेश्वरको वचन : लूका १५:११–३२

११उहाँले भन्नुभयो, "कुनै मानिसका दुइ छोरा थिए
१२कान्छाचाहिँले बाबुलाई भन्यो, 'पिताज्यू, मेरो भागमा पर्ने
धन–सम्पत्तिको हिस्सा मलाई दिनुहोस् ।' तब तिनले
आफ्नो सम्पत्ति तिनीहरुलाई बाँडिदिए । १३"धेरै दिन बित्दा
नबित्दै सबै धन–सम्पत्ति बटुलेर कान्छो छोरो टाढा देशमा
गयो, र त्यहाँ भोग–विलासमा आफ्नो सम्पत्ति उडायो ।
१४त्यसले सबै रुपियाँपैसा खर्च गरिसकेको थियो । त्यसै
बेला त्यस देशमा ठूलो अनिकाल पर्‍यो, र त्यसलाई अभाव
हुन थाल्यो । १५त्यो गयो, र त्यस देशको एक जना
नागरिककहाँ त्यसले काम माग्यो । उसले त्यसलाई आफ्नो
खेतमा सुँगुरहरु चराउन पठायो । १६सुँगुरले खाने चारोले
त्यसले आफ्नो पेट भर्न चाहन्थ्यो, अनि कसैले त्यसलाई
केही दिँदैन थियो । १७ "जब त्यसको चेत खुल्यो, त्यसले
भन्यो, 'मेरो बाबुका धेरै ज्यालादारी चाकरहरु भरपेट खाएर
उबार्ने गर्छन्, तर मचाहिँ भोकले मरिरहेछु । १८ म उठेर
आफ्ना बाबुकहाँ जानेछु, र उहाँलाई भन्नेछु, "बुबा, मैले
स्वर्गको विरुद्धमा र तपाईको दृष्टिमा पाप गरेको छु ।
१९अब उप्रान्त म तपाईको छोरो भनिने योग्यको छैनँ ।
मलाई तपाईका ज्यालादारी चाकरहरुमध्ये एउटासरह
तुल्याउनुहोस्" ।' २०तब त्यो उठेर आफ्ना बाबुकहाँ गयो
।

"तर त्यो धेरै टाढा छँदा त्यसका बाबुले त्यसलाई देखे, र
तिनी दयाले भरिए, र दौडेर गई त्यसलाई अँगालो हालेर
त्यसलाई चुम्बन गरे । २१"छोराले तिनलाई भन्यो, 'बुबा,
मैले स्वर्गको विरुद्धमा र तपाईको दृष्टिमा पाप गरेको छु ।
म फेरि तपाईको छोरो भनिने योग्यको छैनँ ।'

२२"तर बाबुचाहिँले आफ्ना कमाराहरुलाई भने, 'झट्टै सबैभन्दा असल वस्त्र ल्याएर यसलाई पहिराइदेओ । त्यसको हातमा औँठी, र खुट्टामा जुत्ता लगाइदेओ, २३ र पुस्टाइराखेको पशु मार, र हामी खाएर आनन्द मनाऔँ । २४किनकि यो मेरो छोरो मरेको थियो, र पाइएको छ ।' तब तिनीहरु आनन्द मनाउन लागे । २५"त्यस बेला तिनको जेठो छोरो खेतमा थियो, र त्यो घरको नजीक आइपुग्दा त्यसले नाचगानको आवाज सुन्यो । २६त्यसले चाकरहरुमध्ये एउटालाई आफूकहाँ बोलाएर 'यो के भइरहेछ ?' भनेर सोध्यो । २७त्यसले त्यसलाई भन्यो, 'तपाईका भाइ आइपुगे, र तपाईका पिताले पालिराखेको मोटो पशु मार्नुभयो । किनकि उहाँले तिनलाई सकुशल र स्वस्थ फर्किआएका भेट्टाउनुभयो ।'

२८"तर त्यो रिसायो, र भित्र जान मानेन, र त्यसको बाबुले बाहिर गएर त्यसलाई मनाउन लागे । २९तर त्यसले बाबुलाई भन्यो, 'हेर्नुहोस्, यतिका वर्ष मैले तपाईको सेवा गरिरहेछु, अनि तपाईको आज्ञा कहिल्यै उल्ङ्घन गरिन, तापनि मैले आफ्ना साथीहरुसँग आनन्द मनाउन तपाईले मलाई एउटा पाठो पनि कहिल्यै दिनुभएन । ३०तर तपाईको सम्पत्ति वेश्याहरुसँग उडाउने यो तपाईको छोरो आउँदाचाहिँ तपाईले पालिराखेको मोटो पशु त्यसको निम्ति मार्नुभयो ।'

३१'तब तिनले त्यसलाई भने, 'छोरो, तँ त मसँग सधैँभरि छँदैछस्, अनि मेरो सबै सम्पत्ति तेरै हो । ३२ तर हामीले आनन्द मनाउनु र खुशी हुनु उचित थियो, किनकि यो तेरो भाइ मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ' ।"



हराएको छोराले आफ्ना पापहरु स्वीकार गर्‍यो ।

## दृष्टान्तको व्याख्या :

लूका, सु–समाचारका लेखक यो सिकाउँछन् कि परमेश्वर सबैले बाँचेको चाहनुहुन्छ र परमेश्वरले प्रत्येक पुरुष, महिला र बालकलाई प्रेम गर्नुहुन्छ भन्ने सत्य सिकाउछन् । येशू हाम्रो संसारमा सबैलाई बचाउनको लागि आउनुभयो । हामीले हाम्रो दृष्टान्तको अध्यायमा सिकेकाछौं कि प्रत्येक दृष्टान्तमा एउटा मात्र महत्वपूर्ण पाठ सिकाइएको हुन्छ । यो हराएको छोराको दृष्टान्तमा पनि धेरै स्पष्ट छ । हामी बुबाको आफ्ना दुबै छोराको लागि भएको महान प्रेमको बारेमा सिक्ने छौं । विशेष गरेर ऊ आफ्नो कान्छो छोरालाई क्षमा दिन तयार छ, जसले उसको विरुद्धमा धेरै तरिकाले पाप गरेको छ । यो छोराले आफ्नो बुबा नमरेको भए पनि आफ्नो बुबाको सम्पत्ति चाह्यो । छोराले धेरै पापपूर्ण जीवन जिएर आफ्नो बुबाबाट पाएको सबै पैसा उडायो । यद्यपि, जब छोरो सँग केहि कुरा पनि बाँकि रहेन र ऊ आफ्ना बाबुसँग बस्दा ऊ सँग भएका आशिषहरुलाई सम्झियो, ऊ आफ्ना बाबु कहाँ फर्कियो र उसको बुबाले प्रेमपूर्वक उसलाई क्षमा दिए । त्यहि नै हाम्रा स्वर्गमा हुनुहुने पिता हामी प्रत्येकको लागि गर्न तयार हुनुहुन्छ हामी धेरै पापपूर्ण जीवन जीउँछौं । हामी परमेश्वरको व्यवस्था पालन गर्दैनौं, न हामी यसलाई जसरी हामीले पालन गरेको उहाँ चाहनुहुन्छ त्यसरी सिद्ध रुपमा पालन गर्न सक्छौं । परमेश्वरको वचनले हामीलाई यो सम्झाउँछ कि यदि हामी सम्पूर्ण व्यवस्था पालन गर्छौं तर त्यसमा भएको एउटा मात्र तोड्छौं भने हामी सम्पूर्ण व्यवस्थामा दोषी ठहरिन्छौं - याकूब २:१०) परमेश्वर हामीलाई यो पनि सम्झाउनुहुन्छ कि पापको ज्याला मृत्यु हो । (रोमी ६:२३) तर जब हामी हाम्रो स्वर्गमा हुनुहुने पिता कहाँ फर्किन्छौं र हाम्रा पापहरु

स्वीकार गर्छौं प्रेम र अनुग्रही परमेश्वर हामीलाई क्षमा दिन तयार हुनुहुन्छ । हामी विश्वास गर्न सक्छौं कि परमेश्वरले हामीलाई क्षमा दिनुहुनेछ किनभने उहाँ हामीलाई प्रेम गर्नुहुन्छ र येशूको त्यागको कारण हामीलाई क्षमा दिन तयार हुनुहुन्छ ।

१. कान्छो छोरोले आफ्नो बाबाको ........................ चाह्यो, यद्यिप ऊ ......................... थिएन ।

२. जब छोरो आफ्ना बुबा कहाँ .................................. उसले प्रेमपूर्वक उसको छोरोलाई ............................ दियो ।

३. ठीक बेठीक :
छोरोले आफ्नो बुबाको क्षमा र प्रेमलाई कमायो ।

४. हामी विश्वास गर्न सक्छौं कि परमेश्वर हामीलाई ........................ दिनुहुनेछ किनभने उहाँ हामीलाई ............................ गर्नुहुन्छ र ...................... को त्यागको कारण हामीलाई क्षमा दिन तयार हुनुहुन्छ ।
(तपाईको प्रश्नका उत्तरहरु पेज नं. ५७ मा हेरेर जाँच्नुहोस्)

जब येशू निकोदेमस नाम भएको मान्छे सँग बोल्नुभयो, उहाँले उसलाई र हामीलाई सु–समाचारको अचम्मको सन्देश दिनुभयो त्यसले हामीलाई सिकाउँछ कि हामी परमेश्वरको प्रेमले र येशू ख्रीष्टमा भएको विश्वासद्वारा बचाइएका छौं । येशूले भन्नुभयो, "(यूहन्ना ३:१६) ।" तपाईका पापहरुको क्षमाको लागि परमेश्वरमा विश्वास गर्नुहोस् । परमेश्वर पिताले संसारमा भएका सबै

मानिसहरुलाई प्रेम गर्नुभयो र उहाँको पुत्र येशूलाई हाम्रो संसारमा पठाउनुभयो येशूले हामीलाई प्रेम गर्नुभयो । उहाँले हाम्रो लागि परमेश्वरको व्यवस्था पालन गर्नुभयो र हाम्रो पापहरुको लागि हाम्रो सट्टामा दण्डीत हुनुभयो । पवित्र आत्मा परमेश्वरले हामीलाई प्रेम गर्नुभयो र हामीलाई येशूमा विश्वासमा ल्याउनु भयो । वस्तुतः हामी हाम्रा सबै पापहरुको क्षमाको लागि परमेश्वरमा विश्वास गर्न सक्छौं ।

## फरिसी र कर उठाउनेको दृष्टान्त

---

### परमेश्वरको वचन : लूका १८:९–१४

९आफैमाथि भरोसा राख्नेहरु र आफैलाई धर्मी ठानी अरुहरुलाई तुच्छ ठान्नेहरु कसै–कसैलाई उहाँले यो दृष्टान्त सुनाउनुभयोः
१०"दुइ जना मानिस प्रार्थना गर्न मन्दिरमा गए–एक जना फरिसी र अर्कोचाहिँ कर उठाउने ।
११फरिसीले उभिएर मनमनै यसरी प्रार्थना गऱ्यो, 'हे परमेश्वर, म तपाईलाई धन्यवाद दिन्छु, म अरु मानिसहरुजस्तो धुताहा, अन्यायी, व्यभिचारी, अथवा यही कर उठाउनेजस्तो पनि छैनँ ।
१२म हप्तामा दुइ पल्ट उपवास बस्तछु । मैले पाएका सबै थोकको दशांश म दिन्छु ।'
१३"तर कर उठाउनेचाहिँ टाढै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिटयो, 'हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस् !'
१४"म तिमीहरुलाई भन्दछु, योचाहिँ मानिस त्यस अर्काभन्दा धर्मी ठहरिएर आफ्नो घरतिर लाग्यो । किनभने हरेक जसले आफूलाई उच्च पार्दछ, त्यो होच्याइनेछ, तर जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ !'

## दृष्टान्तको व्याख्या :

फरिसीहरु इहूदी मध्येका धार्मिक समूह थिए जो तिनीहरु आफैलाई अरु मानिसहरु भन्दा असल छौं भन्ने सोच्थे र जोहरु व्यवस्थालाई सिद्धरुपमा पालन गर्ने कोशिष गर्थे । यो दृष्टान्तमा फरिसीले परमेश्वरलाई अरु मानिसहरु भन्दा असल हुनुहुन्छ भन्ने देखाउछ । उहाँ चोरी गर्नुहुन्न, वा व्याभिचार गर्नु हुन्न । अथवा अरु दुष्ट कार्य गर्नुहुन्न । अर्को उहाँले के असल काम गर्नुहुन्छ त्यसको व्याख्या गर्न कोशिष गर्नुहुन्छ । उहाँ उपवास बस्नुहुन्छ, यसको मतलव उहाँ खान खानुहुन्न, हप्ताको दुइ पल्ट । पुरानो नियमको व्यवस्था अनुसार यहूदीहरुले वर्षको एक दिन मात्र उपवास बस्नुपर्थ्यो । पुरानो नियममा यहूदीहरुले आफ्ना भेडा, अन्न र तिनीहरुका रुखको फलफूलको दशांस परमेश्वरलाई उपहारको रुपमा दिनुपर्थ्यो । तर यो फरिसी धेरै घमण्ड गर्छ कि उसले भएका केहि थोकहरुको मात्र नभई सबै थोकको दशांस दिन्छ । ऊ घमण्डी, आफैलाई धर्मी ठान्ने छ र ऊ परमेश्वरले उसबाट चाहनुभएको भन्दा बढी गर्छ ऊ अहिले परमेश्वरको अगाडि त्यस्तो व्यक्तिको रुपमा उभिएको छ जो आफूले गरेका असल कामद्वारा आफैलाई बचाउन सक्छु भनि सोच्छ । फरिसी परमेश्वरद्वारा स्वीकार गरिएको छैन । यद्धिप कर उठाउने ऊ भन्दा धेरै फरक प्रकारको व्यक्ति छ । कर उठाउनेहरु यहूदीहरुद्वारा सबै पापीहरु मध्ये बढी पापी मानिन्थे ।

तिनीहरु विश्वासघाती, जो रोमी विदेशी सरकारलाई सेवा गर्छ त्यसको रुपमा घृणा गरिन्थे । तिनीहरु मान्छेहरुबाट लिनुपर्ने कर भन्दा बढी लगाएर पैसा ठग्ने र चोर्ने काम गर्थे । तिनीहरु 'नाफ' आफ्नौ खल्तीमा हाल्थे । दृष्टान्तमा

कर उठाउने मन्दिरको धेरै टाढा उभिएको छ । ऊ आफनो प्रार्थनामा परमेश्वरलाई नजिक ल्याउन त्यति असल महसुस गर्दैन । उसले स्वीकार गर्छ कि ऊ पापी हो र परमेश्वरलाई उसप्रति दयालु हुन सोच्छ । येशूले हामीलाई भन्नुहुन्छ यो कर उठाउने धर्मी ठहरिएको छ, यसको मतलव ऊ परमेश्वरद्वारा पूर्ण रुपमा क्षमा दिइएको छ । धर्मी हुनुको मतलव, येशूले हाम्रो लागि जे गर्नुभयो त्यसको कारण परमेश्वरले हामीलाई पापको निर्दोष घोषणा गर्नुहुन्छ । यो मानिसले क्षमाको लागि परमेश्वरलाई हेर्छ, उसले जे गर्छ, त्यसलाई होइन । त्यहि नै हाम्रो लागि सत्य हो । हामी क्षमा दिइएका छौँ, हामीले गरेका असल कामको कारण होइन तर हाम्रो उद्धारकर्ता, येशूख्रीष्टद्वारा हाम्रो लागि परमेश्वरको प्रेमको कारण यसकारण हामी हाम्रा पापको क्षमाको लागि येशूमा विश्वास गर्छौं र आफैमा होइन ।

१. फरिसीले सोच्यो कि ऊ परमेश्वरसित ठीक छ किनभने उसले परमेश्वरले उसबाट गरेको .............................. हुने भन्दा पनि बढी ......................................... ।

२. ठीक बेठीक : फरिसीको पाप क्षमा दिइयो ।

३. कर उठाउने पापहरु क्षमा दिइए किनभने उसले ............................ गऱ्यो कि ऊ ................................ हो र परमेश्वरलाई उसप्रति .......................... हुनलाई सोध्यो ।

४. धर्मी ठहरिनुको मतलव त्यो हो कि परमेश्वरले, येशूले हाम्रो लागि जे गर्नुभयो त्यसको कारण हामीलाई पापको ................................घोषणा गर्नुहुन्छ ।

५. हामी, हामीले गरेका ............................ कामको कारण ................ दिइएका होइनौं तर हाम्रो उद्धारकर्ता ...............................द्वाराको हाम्रो लागि परमेश्वरको प्रेम को कारण ।
(तपाईको प्रश्नका उत्तरहरु पेज नं. ५७ मा हेरेर जाँच्नुहोस्)

येशू, यो फरिसी र कर उठाउनेको दृष्टान्तमा हामीलाई सिकाउनुहुन्छ कि तिनीहरु जो नम्रताको साथ आफ्ना पापहरु स्वीकार गर्छन् तिनीहरु परमेश्वरद्वारा धर्मी ठहरिन्छन् (क्षमा दिइन्छन्) प्रेरित पावलले रोमी ३:२१ र २२ मा लेख्छन् , "(रोमी ३:२१,२२) ।"

हामीले यो अध्यायमा पढेका येशूका दृष्टान्तहरुबाट, हामीले यो सिक्यौं कि येशूले क्षमाको लागि उहाँमा विश्वास गर्न सिकाउनुहुन्छ । हामी आफूलाई आफै बचाउन सक्दैनौं । तर येशूले हाम्रो लागि व्यवस्था पालन गर्नुभयो र हामीले पाउनु पर्ने दण्ड उहाँले हाम्रो लागि क्रूसमा मरेर तिर्नुभयो । परमेश्वरले हामीलाई उहाँको प्रेमको कारण क्षमा दिनुहुन्छ, त्यसले हाम्रो जीवनमा मात्र आनन्द ल्याउदैन तर स्वर्गमा पनि आनन्द ल्याउँछ । प्रेरित पावलले हामीलाई भन्छन् "( रोमी ३:२७) ।"



**अन्तिम प्रार्थना** : स्वर्गमा हुनुहुने प्यारो परमेश्वर, सबै महिमा र धन्यवाद तपाईलाई दिन्छौं । तपाईको प्रेम र दयाको कारण तपाईले आफ्नो एकमात्र पुत्रलाई हाम्रो उद्धारकर्ता हुनलाई पठाउनुभयो । हाम्रो हृदयलाई येशूमा विश्वास गर्न विश्वासले भर्नुहोस् । हाम्रो जीवनमा हाम्रा पापहरुको क्षमा गरेर आनन्दले भर्नुहोस् । हामी यो येशूको त्यागको कारण माग्छौं । आमिन् ।

**अध्याय चारका प्रश्नहरुको उत्तरः**
**हराएको भेडाको दृष्टान्तः**
१. सबै २. अनन्तसम्म ३. भरोसा ४. असल गोठालो
**हराएको छोराको दृष्टान्तः**
१. सम्पती, मृतक २. फर्कियो, क्षमा गरयो ३. झुटा ४. क्षमा, प्रेम येशू
**फरिसी र कर उठाउनेको दृष्टान्तः**
१. गर्छ, माग २.झुटा ३. स्वीकार, पापी, कृपालु ४.निर्दोष ५. क्षमापाएको, असल, येशू

## अध्याय चारको जाँच

१. तिनीहरु जो येशूले तिनीहरुका पापहरु क्षमा दिनुहुन्छ भनी विश्वास गर्दैनन् तिनीहरु ................................ लागि मर्नेछन् ।

२. प्रत्येक पापी जो आफ्ना पापहरुको लागि पश्चात्ताप गर्छ र विश्वास गर्छ त्यसको लागि किनभने परमेश्वरको .......................... कारण त्यसको लागि स्वर्गमा आनन्द हुन्छ ।

३. येशू ख्रीष्ट हाम्रो ..............................
.................... हुनुहुन्छ

४. हराएको छोरोको दृष्टान्तमा जब हराएको छोरो आफ्ना बुबा कहाँ ................................ तब उसले प्रेमपूर्वक आफ्नो छोरोलाई ........................... दिन्छ ।

५. ठीक बेठीक : छोरोले कमाएको कुरा बुबाको क्षमा हो ।

६. हामी विश्वास गर्न सक्छौं कि परमेश्वर हामीलाई ............................... दिनुहुनेछ किनभने उहाँ हामीलाई .................... गर्नुहुन्छ र ....................... त्यागको कारण क्षमा दिन तयार हुनुहुन्छ ।

७. फरिसीले सोच्यो कि ऊ परमेश्वरसित ठीक छ किनभने उसले परमेश्वरले उसबाट गरेको ........................... हुने भन्दा पनि बढी असल काम
........................................... ।

८. कर उठाउनेका पापहरु क्षमा दिइए किनभने उसले पश्चात्ताप गऱ्यो कि ऊ पाप हो र परमेश्वरलाई उसप्रति .............................. हुनलाई सोध्यो ।

९. धर्मी ठहरिनुको मतलब त्यो हो कि परमेश्वरले येशूले हाम्रो लागि जे गर्नु भयो त्यसको कारण हामीलाई पापको .............................. घोषणा गर्नुहुन्छ ।

१०. हामी, हामीले गरेका .................. कामको कारणले क्षमा दिइएका होइनौँ तर हाम्रो उद्धारकर्ता ........................... द्वाराको हाम्रो लागि परमेश्वरको प्रेमको कारण ।

(पेज नं. ९७ मा हेरि आफ्ना उत्तरहरु जाँच्नुहोस् )



अधन्यबादी नोकर



*अध्याय पाँचः*

# येशूले हामीलाई खीष्टियान भएर कसरी जीउन सिकाउनु हुन्छ ।

येशूका दृष्टान्तहरुको हाम्रो अध्ययनलाई निरन्तरता दिँदै हामी उहाँबाट सिक्ने छौं कि हामीले हाम्रो खीष्टियान जीवन कसरी जीउनुपर्छ । हामी तलका तीन दृष्टान्तहरुको अध्ययन गर्नेछौं :

- निर्दयी नोकर,
- बुद्धिमानहरु र
- असल सामरी

दृष्टान्त भनेको संसारिक कथा हो जसको स्वर्गीय अर्थ हुन्छ । दृष्टान्तको हाम्रो अध्ययनमा हामीले सिक्यौं कि प्रत्येक दृष्टान्तसँग एउटा मुख्य आत्मिक कुरा हुन्छ जुन त्यसले हामीलाई सिकाउँछ ।

येशूले हामीलाई भन्नुहुन्छ, "(मत्ती ५:४८)।" हामीलाई थाहा छ हामी सिद्ध छैनौं । यद्यिप, येशू हामीले खीष्टियानले जसरी जीउनु पर्छ त्यसरी जीएको चाहनुहुन्छ । के तपाई सधैं आफ्नो छिमेकीलाई उ/ उनी अभावमा हुँदा सहयोग गर्नुहुन्छ ? के तपाई सधैं परमेश्वरले तपाईलाई दिनुभएको सबै क्षमताको प्रयोग गरेर काम गर्नुहुन्छ ? के तपाई सधैं तिनीहरु जो तपाईको चित्त दुखाउछन् तिनीहरुलाई क्षमा दिनुहुन्छ तलका दृष्टान्तहरुमा येशू हामीलाई सिकाउनुहुन्छ कि हामीले खीटियान भएर अरुलाई हाम्रो प्रेम देखाएर कसरी जीउने ।



**प्रार्थना** : प्यारो प्रभु म सधैं त्सरी जीउदिन जसरी मैले खीष्टियान भएर जीउनु पथ्यो । कृपया मलाई अरु मानिसको आवश्यकताहरुलाई हेर्न आफ्नो पछाडि फर्किन सिकाउनुहोस् । म यो येशूको नाममा माग्छु । आमिन् ।

# निर्दयी नोकरको दृष्टान्त

## परमेश्वरको वचन : मत्ती १८:२३–३५

२३“यसैकारण स्वर्गको राज्य एउटा राजासँग तुलना गर्न सकिन्छ, जसले आफ्ना नोकरहरुसँग हिसाब लिने इच्छा गरे । २४जब तिनले हिसाब लिन लागे, दश हजार सुनका सिक्का ऋण लिने एक जना तिनीकहाँ ल्याइयो । २५तर त्यस मानिसले तिर्न नसक्दा त्यसका मालिकले त्यसलाई र त्यसका स्वास्नी र छोराछोरी र त्यसका सबै थोक बेची ऋण चुकाउने हुकुम दिए ।

२६“तब त्यस नोकरले घुँडा टेकी तिनका पाउमा परेर भनन लाग्यो, ‘मालिक, ममाथि धैर्य गर्नुहोस्, म तपाईको सबै ऋण चुकाउनेछु ।’ २७तब त्यस नोकरका मालिकले टिठाएर त्यसलाई छोडिदिए, र त्यसको ऋण माफी गरिदिए ।
२८“तर त्यस नोकरले निस्केर जाँदा आफ्नो सङ्गी–नोकरहरुमध्ये एक जनालाई भेटयो, जो त्यसको एक सय चाँदीका सिक्काको ऋणी थियो । उसलाई घोकोमा पक्रेर त्यसले भन्यो, ‘तेरो ऋण तिरिहाल् ।’ २९“तर त्यसको सङ्गी–नोकरले घोप्टो परेर त्यसलाई बिन्ती गर्‍यो, ‘ममाथि धैर्य गर, म तिमीलाई सबै तिरिदिनेछु ।’

३०“तर त्यो मानेन, र गएर ऋण नतिरुञ्जेलसम्म उसलाई झ्यालखानमा हालिदियो । ३१त्यसका सङ्गी–नोकरहरुले यी सब देखे र तिनीहरु अति दुःखित भए । तिनीहरुले गएर यी सब घटना आफ्ना मालिकलाई बताइदिए । ३२“तब मालिकले त्यस नोकरलाई आफूकहाँ बोलाएर भने, ‘ए दुष्ट नोकर, तैंले मसँग बिन्ती गरिस्, र मैले तँलाई तेरो ऋण माफी गरिदिएँ । ३३मैले तँमाथि दया गर्नुपर्ने थिएन ?’

३४तब त्यसका मालिकले क्रुद्ध भएर त्यसलाई सबै ऋण नतिरुञ्जेल दण्ड दिनेहरुका हातमा सुम्पिदिए ।
३५"तिमीहरुले आफ्नो भाइलाई आफ्नो हृदयदेखि क्षमा गरेनौ भने, स्वर्गमा हुनुहुने मेरा पिताले पनि तिमीहरुसँग त्यसै गर्नुहुनेछ ।"

## दृष्टान्तको व्याख्याः

यो दृष्टान्तको कारण धेरै प्रष्ट छ । प्रेरित पत्रुसले सोधे कि उनको विरुद्धमा पाप गर्ने व्यक्तिलाई उनले कतिपटक सम्म क्षमा दिने ? येशूको दृष्टान्तले पत्रुस र हामीलाई अरु मानिसहरु जब तिनीहरु हाम्रो विरुद्धमा पाप गर्छन् प्रत्येक पटक क्षमा देउ भन्दछ । हामीले तिनीहरु जो हाम्रो विरुद्धमा पाप गर्छन् तिनीहरुलाई क्षमा दिनुपर्छ जसरी हाम्रो स्वर्गमा हुनुहुने पिताले हाम्रा सबै पापहरुको क्षमा दिनुहुन्छ । दृष्टान्तमा भएको राजा परमेश्वर आफै हुनुहुन्छ । उहाँको दयामा, उहाँले हामी प्रत्येकलाई विशाल ऋण क्षमा दिनुहुन्छ । यो ऋण भनेको पाप हो जुन हामी हाम्रो जीवनमा गर्ने गर्छौं । यदि हामीले हाम्रो जीवन जाँच्यौं भने हामी यो स्वीकार गर्ने छौं कि हामी धेरै पटक पाप गर्छौं र यो पनि स्वीकार गर्नेछौं कि हामीले एउटै पाप धेरै पटक गरेका छौं । तर परमेश्वरले हाम्रा सबै पापहरु क्षमा दिनुभएको छ । अहिले उहाँले हामीलाई हाम्रो विरुद्धमा पाप गर्नेहरुलाई क्षमा दिन सिकाउनुहुन्छ । हामीले गरेका धेरै पापहरुको तुलनामा हाम्रो छिमेकीका  हाम्रो विरुद्धमा गरेका पापहरु एकदमै थोरै छन् । तर कहिले कहिँ हामी हाम्रो छिमेकीलाई क्षमा दिन तयार हुदैनौं हामी तिनीहरुसँग बोल्दैनौं । हामी हाम्रो विरुद्धमा पाप गर्ने व्यक्तिको बारेमा खराब कुरा भन्छौं । परमेश्वरले हाम्रो लागि जे गर्नुभयो त्यो थाहा पाएर हामीले

हामीलाई अरुले जे गरेका छन् त्यसलाई भुल्न र क्षमा दिनको लागि तयार र इच्छुक हुनुपर्छ । प्रभुको प्रार्थनामा हामी भन्छौं, "हामीलाई हाम्रा पापहरु क्षमा दिनुहोस्, जसरी हामीले हाम्रा विरुद्धमा पाप गर्नेहरुलाई दिएका छौं ।" यो दृष्टान्त भनिसके पछि येशूले भन्नुभयो, "हृदयदेखि नै तिम्रो भाइलाई क्षमा देऊ ।"

१. येशूले पत्रुसलाई भन्नुभयो कि उसले अरुलाई

.............................. ..................................

पाप गर्ने पछि क्षमा दिनुपर्छ ।

२. स्वर्गमा हुनुहुने हाम्रो पिताले हामीलाई ........................... क्षमा दिनुहुन्छ ।

क. प्राय सबै पापहरुको

ख. त्यो पाप जसको लागि प्रार्थना गर्छौं ।

ग. हाम्रा सबै पापहरुको

३. यदि हामीले हाम्रो जीवनलाई जाँच्यौं भने हामी प्रत्येक स्वीकार गर्दछौं कि हामीले ........................ पटक पाप गरेका छौं ।

क. केहि थोरै पटक

ख. धेरै तर अरुको भन्दा कम

ग. धेरै

४. परमेश्वरले हामीलाई हाम्रो ................................मा ...................... गर्नेलाई क्षमा दिन सिकाउनुहुन्छ ।

५. प्रभुको प्रार्थनामा हामी भन्छौँ, “हामीलाई हाम्रा पापहरु ................... दिनुहोस् जसरी हामीले हाम्रो विरुद्धमा पाप गर्नेहरुलाई ......................... दिन्छौँ ।

(तपाईको प्रश्नका उत्तरहरु पेज नं. ७६ मा हेरेर जाँच्नुहोस्)

यो दृष्टान्तमा येशूले हामीलाई सिकाउनुहुन्छ कि परमेश्वरले हाम्रा सबै, धेरै पापहरुको हामीलाई क्षमा दिनुभएको छ । परमेश्वरका विश्वासी छोराछोरी भएर, हामी हाम्रो साथीहरुले हाम्रो विरुद्धमा गर्ने पापहरुको क्षमा दिन तयार हुनुपर्छ । अरु मानिसहरुलाई क्षमा दिने कुरा येशूले दृष्टान्तहरुको प्रयोग गरेर हामीलाई सिकाउने धेरै कुरा मध्येको एक हो । प्रेरित पावलले लेख्छन्, जसरी परमेश्वरले खीष्टमा तिमीहरुलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरु एउटा अर्का प्रति कोमल मनका र दयालु होओ । (एफिसी ४:३२) ।

## सुनका सिक्काको दृष्टान्त

---

### परमेश्वरको वचन : मत्ती २५:१४–३०

“किनकि योचाहिँ कुनै मानिसजस्तो हो, जसले परदेश जाँदा आफ्नो नोकरहरुलाई बोलाई आफ्नो धन–सम्पत्ति तिनीहरुलाई जिम्मा दिए । तिनले हरेकलाई तिनीहरुका आ–आफ्नो योग्यताअनुसार एउटालाई पाँच सुनका सिक्का, अर्कालाई दुइ रअर्कालाई एक दिएर तिनी गइहाले । तब पाँच सुनका सिक्का पाउनेले तुरुन्तै गएर त्यो व्यापारमा लगाईकन अरु पाँच सिक्का कमायो । त्यसरी नै दुइ सिक्का पाउनेले पनि अरु दुइ कमायो । तर एक सिक्का

पाउनेले चाहिँ गएर भूइँ खनेर आफ्ना मालिकको धन लुकाइराख्यो ।

"धेरै दिनपछि ती नोकरहरुका मालि आए, र तिनले तिनीहरुसँग हिसाबम ागे । तब पाँच सुनका सिक्का पाउने नोकरले अरु पाँच सिक्का ल्याई अगाडि आएर यसो भन्यो, 'हजुर, तपाईले मलाई पाँच सिक्काको जिम्मा दिनुभएको थियो । हेर्नुहोस्, मैले अरु पाँच सिक्का कमाएको छु ।'

"मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर ! तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु । तँ आफ्ना मालिकको खुशीमा सहभागी हो ।'

"दुइ सिक्का पाउनेले पनि आएर भन्यो, 'हजुर, तपाईले मलाई दुइ सिक्का दिनुभएको थियो । हेर्नुहोस्, मैले अरु दुइ सिक्का कमाएको छु ।'

"त्यसका मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर, तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु । तँ आफ्ना मालिकको खुशीमा सहभागी हो ।'

"एक सुनको सिक्का पाउनेले पनि आएर भन्यो, 'हजुर, नरोपेको जग्गाबाट कटनी गर्ने र ननिफनेको ठाउँबाट बटुल्ने तपाई कठोर मानिस हुनुहुन्छ भन्ने मलाई थाहा थियो । यसैले मलाई डर लाग्यो, र गएर तपाईको सिक्का मैले माटोमुनि लुकाइराखें । हेर्नुहोस्, यो तपाईको सिक्का लिनुहोस् ।'

"त्यसका मालिकले त्यसलाई जवाफ दिए, 'ए दुष्ट, अल्छे नोकर, नरोपेको ठाउँबाट कटनी गर्छु र ननिफनेको ठाउँबाट बटुल्छु भन्ने तैले जानेको थिईस् भने, तैले मेरो धन साहु कहाँ राख्नु पर्ने थियो । र आएर मैले मेरो धन ब्याज सहित फिर्ता पाउने थिए । यसकारण त्यसबाट त्यो सिक्का र जससंग दश सिक्का छ त्यसलाई देओ । किनभने जससंग छ त्यसलाई अरु दिईने छ, र त्यससंग प्रसस्त हुनेछ । तर जससंग छैन त्यससंग भएको पनि त्यसबाट खोसिने छ । त्यस बेकम्मा नोकरलाई चाहिँ बाहिरी


अन्धकारमा फालिदेओ, जहाँ मानिसहरु रुनेछन् र दाह्रा किटने छन् ।

## दृष्टान्तको व्याख्या

परमेश्वरको सेवामा विश्वास योग्य हुने कुरा नै हो जुन येशूले हामीलाई यस दृष्टान्तमा सिकाउनुहुन्छ । येशू नफर्किञ्जेल सम्म परमेश्वरले हामीलाई दिनुहुने उपहारहरुको प्रयोग गर्दा हामी विश्वास योग्य रहनुपर्छ । यो दृष्टान्तमा यात्रा गर्ने व्यक्ति येशू आफै हुनुहुन्छ । यो दृष्टान्त उहाँले क्रूसमा मर्नु भन्दा तीन दिन अगाडि भन्नुभएको थियो । उहाँ लामो यात्रामा जादै हुनुहुन्थ्यो तर न्यायको दिनमा फेरि फर्कनु हुनेछ । नोकरहरु चेलाहरु हुन् येशूलाई पछ्याउँनेहरु र त्यसको मतलव हामी पनि हौँ ।

प्रत्येक विश्वासी सँग फरक क्षमताहरु छन् भनने कुरा प्रत्येक नोकरहरुलाई दिइएको पैसाको मात्रामा पाइन्छ । किनभने हामी जान्दैनौँ कि येशू कहिले फर्कनु हुनेछ, कि, यो हाम्रो मृत्युको दिनमा वा न्यायको दिनमा होस्, हाम्रो ख्रीष्टियान जीवनमा हामी विश्वासी हुनु महत्वपूर्ण छ । विश्वासी हुनु भनेको

विश्वासले भरिनु मात्र होइन तर हाम्रो जीवनमा येशूका कामहरुलाई गर्दा विश्वासी हुन हाम्रो क्षमतालाई पनि प्रयोग गर्नु हो । येशू हामीले उहाँको वरदानहरुलाई उहाँको सेवामा व्यक्तिगत रुपमा वा चर्चमा नरोकिकन प्रयोग गरेको चाहनुहुन्छ । विश्वास योग्य नोकरहरु येशू सँगै स्वर्गको आनन्दमा पस्छन् । अविश्वासी नोकरलाई पनि उसको सेवाको लेखा दिन भनिने छ । काम बिनाको विश्वास मरेको



महिमित बिजयी प्रभुले बिश्वासी र अबिश्वासीहरुलाई अलग गर्नुहुनेछ ।

हुन्छ । यो नोकरलाई दुष्ट र अल्छी भनिन्छ । तिनीहरु जो बेकामका छन् परमेश्वरको स्वर्गको राज्य भित्र प्रवेश गर्न सक्दैनन् । तिनीहरु परमेश्वरको राज्यमा रहने छैनन् के कोही यो नोकर जस्तो हुन चाहन्छ ? परमेश्वर हामीलाई भरोसा गर्नुहुन्छ, हामीलाई महान वरदानहरु दिनुहुन्छ, र हेर्नु हुन्छ कि वास्तवमै हामीमा उहाँ माथि ठूलो विश्वास र उहाँको लागि प्रेम छ कि छैन ।

१. यो दृष्टान्तमा जसले आफ्ना नोकरहरुलाई पैसा दिन्छ, उहाँ .................. आफै हुनुहुन्छ ।

२. नोकरहरु भनेका येशूलाई ............................... हुन र त्यसको मतलव ................. पनि हौं ।

३. येशूले हामीलाई दिनुहुने उपहारहरु
.......................... र ....................... को विधि र
..............................    ...................... हुन् ।

४. येशू हामीले उहाँका ........................................लाई उहाँको सेवामा व्यक्तिगत र चर्चमा नरोकिकन प्रयोग गरेको चाहनुहुन्छ ।

५. विश्वास योग्य नोकरहरु ........................सँग .......................... को ............................. मा प्रयोग गर्नेछन् ।

(तपाईको प्रश्नका उत्तरहरु पेज नं. ७६ मा हेरेर जाँच्नुहोस्)

येशूले हामीलाई प्रकाश २:१० मा भन्नुहुन्छ “तिमीले भोग्नै लागेका कष्टहरु संग नडराओ, हेर दियाबलसले तिमीहरु

मध्ये कतिलाई तिमीहरुका जाँचको निम्ति  कैदमा हाल्न आटेको छ र तिमीहरुलाई दशौ दिन कष्ट हुनेछ तिमी मृत्यू सम्मै बिश्वासी होओ र म तिमीहरुलाई जीवनको मुकुट दिनेछु ।"

प्रेरित पत्रुसले १पत्रुस ४:१०,११ म लेख्छन्, "जसले जस्तो बरदान पाएको छ, परमेश्वरका अनुग्रहका बिभिन्न बदान पाएका भण्डारे झै ती एउटा अर्काको निम्ति प्रयोग गर । " । जसै उहाँले हामीलाई हाम्रो ख्रीष्टियान जीवन कसरी जीउने भन्ने सिकाउँनुहुन्छ, हामीले सिकेको येशूले चाहनुनुहुने मुख्य कुरा हाम्रो शिक्षामा र परमेश्वरको वचन अरु कहाँ लैजादा, विश्वासी हुनु हो । हामीसँग फरक क्षमताहरु छन् । कोही सिकाउन सक्छन् कोही अरु मानिसहरुलाई परमेश्वरको वचन पढ्न र सिक्न बोलाउन सक्छन् र कोही परमेश्वरको वचन नबुझ्नेहरुलाई सहयोग गर्न सक्छन् । जब हामी हाम्रा क्षमताहरुलाई परमेश्वरको वचनलाई विश्वास योग्य तरिाले प्रयोग गर्छौं, परमेश्वरले हामीलाई आशिष दिनुहुनेछ ।

## असल सामरीको दृष्टान्त

---

## परमेश्वरको वचन : लूका १०:२५–३७

व्यवस्थाका एकजना पण्डित उहाँको परिक्षा गर्न खडा भए, र यो प्रश्न गरे, " गुरुज्यु, अनन्त जीवन प्राप्त गर्न मैले के गर्नु पर्दछ ? उहाँले तिनलाई भन्नुभयो, व्यवस्थामा के लेखिएको छ ? तिमीले के पढ्यौ? तिनले भने, तैले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा

प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर, र आफ्नो छिमेकीलाई आफैलाई झै प्रेम गर ।" उहाँले तिनलाई भन्नुभयो, "तिमीले ठिक जवाफ दियौ, त्यसै गर र तिमी जिउने छौ।"तर तिनले आफुलाई धार्मिक देखाउने इच्छा गरेर येशूलाई भने, मेरो िछमेकी चाहिँ को हो त? येशूले तिनलाई जवाफ दिनुभयो, "एकजना मानिस येरुशलेमबाट यरीहोतिर जाँदैथियो, त्यो डाँकुहरुको फेला परयो । तिनीहरुले त्यसलाई नाङ्गै पारेर पिटे र अधमरो पारी छोडेर गए । संयोगले उउटा पूजाहारी त्यहिबाटो भएर जादैथियो, र त्यो अधमरो मान्छेलाई देखेर त्यो अर्कोपट्टी तर्केर गयो ।त्यसै गरी एउटा लेवी पनि त्यसठाउँमा आएर त्यसलाई देखेपछि अर्को पट्टि तर्केर गयो । तर एउटा सामरी उसको यात्रामा जाँदैगर्दा त्यो मान्छे भएको ठाउँमा आइपुग्यो, र त्यसलाई देखेर उसको मन दयाले भरियो, र त्यसकहाँ गएर तेल र दाखमद्य लगाएर त्यसका घाउमा पट्टि बाँधिदियो र आफ्नै गधा माथि चढाएर त्यसलाई एउटा पौवामा ल्याइ त्यसको  हेरचाह गरयो । भोलिपल्ट उसले दुई चाँदिका सिक्का पौवाको मालिकलाई दिएर भन्यो, यिनको हेरचाह गर, र अरु बढी खर्च लागे फर्केर आउँदा तिमीलाई तिरीदिनेछु । येशूले सोध्नुभयो, "यी तीनजना मध्ये डाँकुहरुका हातमा पर्ने मानिसको छिमेकी कुन चाँहि ठहरियो ? तिनले भने, त्यस मानिसमाथि दया देखाउने चाँहि । तब येशूले तिनलाई भन्नुभयो, "जाऊ तिमी पनि त्यसै गर ।"


## दृष्टान्तको व्याख्या :

दश आज्ञाको सारांश भनेको परमेश्वरलाई र आफ्नो छिमेकीलाई प्रेम गर्नु हो । "मेरो छिमेकी को हो ? भनेर सोध्ने मानिसलाई उत्तर दिन येशूले उसलाई असल सामरीको दृष्टान्त भन्नुभयो । सामरीहरु यहूदीहरुका शत्रु थिए । (मत्ती ५:४३–४५) जब पूजाहारी र लेवी जो

यहूदीहरुका धर्म गुरु थिए लुटिएको र कुटिएको मानिस नालिमा पल्टीरहेको देखे तिनीहरु उसबाट तर्केर सडकको अर्को पट्टीबाट गए । तिनीहरुले जो धेरै ठूलो आवश्यकमा परेको थियो त्यसलाई प्रेम देखाउन अस्वीकार गरे । त्यस पछि त्यहि भएर एउटा सामरी आयो र मान्छेको घाउ निको पार्ने र सफ ागर्न उसले दाखमद्य र तेल लगायो । उसल त्यसलाई आफ्नो गधा माथि राख्यो र पौवामा आयो जहाँ उसले त्यसको हेरचाहा गऱ्यो । जब सामरीले जानुपर्ने भयो उसले घाइते मानिसको बाँकि उपचारको लागि सामरी नफर्कञ्जेल सम्मको लागि पैसा दियो । सामरी घाइते मानिसको लागि महान प्रेमले भरियो । येशूले सोध्नुभयो, "तिम्रो विचारमा यी डाँकाहरुका हातमा पर्ने मानिसको छिमेकी को थियो ?" त्यो मान्छे जसले "मेरो छिमेकी को हो ?" भनेर सोध्यो त्यसले सही उत्तर दियो, "त्यस माथि दया देखाउने चाहिँ ।" येशूले उसलाई भन्नुभयो र हामीलाई भन्नुहुन्छ, "जाऊ र उसले गरेको जस्तै गर ।" अर्को शब्दमा, हामी आवश्यकमा परेका कुनै पनि मानिसका छिमेकी हौं या त्यो व्यक्ति हाम्रो साथी वा शत्रु होस् । हामीले सोध्नुपर्छ, "मेरो सहयोग कसलाई चाहिन्छ ?" उत्तर प्रेमले भरिएको हृदयबाट आउँछ । हामीले यो स्वीकार गर्नु नै पर्छ कि हामीले सधैं आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गरेका छैनौं । हामीले परमेश्वरको व्यवस्था पालन गरेका छैनौं । हामीलाई उद्धारकर्ता, येशू ख्रीष्ट चाहिन्छ ।

१. पूजाहारी र लेवी जो यहूदीहरुका ....................... .............................. थिए तिनीहरुको व्यवहार, लुटिएको र कुटिएको मानिसबाट तर्केर गएका थिए ।

२. सामरीहरु यहूदीहरुका ........................ थिए ।



असल सामरीले घाईते मानिसलाई सहायता गरयो ।

३. हामीले स्वीकार गर्नु नै पर्छ कि  हामीले सधैँ हाम्रो ........................ लाई आफूलाई झैं प्रेम गरेका छैनौँ ।

४. हामीहरु समस्यमा परेका .......................... का छिमेकी हौँ ।
(तपाईको प्रश्नका उत्तरहरु पेज नं. ७६ मा हेरेर जाँच्नुहोस्) ।

यो साधारण तर शक्तिशाली दृष्टान्तमा येशूले हामीलाई सबै मानिसहरुलाई प्रेम देखाउन सिकाउनुहुन्छ, यद्यपि हाम्रो शत्रुलाई पनि । प्रेरित पावलले गलाती ६:१० मा हामीलाई सम्झना गराउदछन्, “यसकारण मौका पाए अनुसार हामी सबै मानिसहरुको भलाई गर्दै जाऔ, विषेशगरि तिनीहरुको जो हाम्रो बिश्वासका परिवारका हुन् ।”

यो अध्यायबाट हामीले येशूबाट सिक्यौँ केहि महत्वपूर्ण कुरा सिक्यौँ जुन हामीले गर्न सक्छौँ र ख्रीष्टियान भएर गर्नुपर्छ । हामीले सिकेको एउटा कुरा त्यो हो कि हाम्रो विरुद्धमा पाप गर्नेलाई हामी क्षमा दिन तयार हुनुपर्छ ।
हामी यसको बारेमा प्रभुको प्रार्थनामा प्रार्थना गर्छौँ, जब हामी भन्छौँ, “हाम्रा पापहरु क्षमा दिनुहोस्, जसरी हामी हाम्रो विरुद्धमा पाप गर्नेलाई क्षमा दिन्छौँ । र हामीले यो पनि सिक्यौँ कि, हामीले हाम्रो क्षमताहरुको प्रयोग गर्नुपर्छ, तिनीहरु जो भएता पनि, परमेश्वरलाई सेव ागर्न र सु–समाचारको सन्देश अरु मानिसहरु कहाँ ल्याउन जसले हाम्रो उद्धारकर्ता, येशूको बारेमा सुनेका छैनन् । अन्त्यमा हामीले सिक्यौँ कि हामी सबैका छिमेकी हौँ हाम्रा शत्रुहरुका पनि । हामी सबै मानिसहरु प्रति सहयोगी र दयालु हुनुपर्छ जब तिनीहरु हाम्रो सहयोगको आवश्यकतामा हुन्छन् ।



**अन्तिम प्रार्थना** : स्वर्गमा हुनुहुने प्यारो पिता, हामी स्वीकार गर्छौं कि हामीले सधैँ खीष्टियान जीवन जीएका छैनौं । हामीले हाम्रो छिमेकीहरुको विरुद्ध र तपाईको विरुद्धमा पाप गरेका छौँ । हामीलाई तपाईको क्षमा चाहिन्छ । येशूमा भएको विश्वासद्वारा हामीलाई हाम्रो विरुद्धमा पाप गर्नेहरुलाई क्षमा दिने इच्छा दिनुहोस् । हामीलाई हाम्रा क्षमताहरुलाई प्रयोग गर्न शक्ति दिनुहोस्, ठूलो सानो जे भएता पनि तपाईलाई सेव ागर्न । हामीलाई प्रेम पनि दिनुहोस् आवश्यकतामा भएका सबै मानिसहरुलाई सहयोग गर्न । हामी यो येशू, हाम्रो उद्धारकर्ताको नाउँमा माग्छौं । आमिन् ।

**अध्याय पाँचमा भएका प्रश्नहरुका उत्तरहरु**

**दुष्ट नोकरको दृष्टान्त**

१. हरेक समय २. ग ३. ग ४. पाप वा हामी ५. क्षमा दिनु च. क्षमा दिनु

**बुद्धिमानहरुको दृष्टान्त**

१. येशू २. पछ्याउनेहरु वा हामी ३. वचन वा बाइबल, बप्तिस्मा, प्रभुभोज ४. वरदानहरु ५. आनन्द वा स्वर्ग, येशू

**असल सामरीको दृष्टान्त**

१. धार्मिक, अगुवाहरु २. शत्रुहरु ३. स्वीकार वा छिमेकी ४. जोसुकै

१. येशूले पत्रुसलाई भन्नुभयो कि उसले अरु मानिसलाई .................... ....................... क्षमा दिनुपर्छ जब उनको विरुद्धमा तिनीहरु क्षमा गर्छन् ।

२. यदि हामीले हाम्रो जीवनलाई जाँच्यौं भने हामी प्रत्येक स्वीकार गर्दछौं कि हामीले ........................ पटक पाप गरेका छौं ।

क. अलि थोरै

ख. धेरै पटक तर अरुको भन्दा कम

ग. दोहोऱ्याएर र धेरै मात्रामा पनि ।

३.प्रभुको प्रार्थनामा हामी भन्छौं, "..................... हाम्रा पापहरु .................... गर्नुहोस्, जसरी हामीले हाम्रो विरुद्धमा पाप गर्नेहरुलाई .......................... गरेका छौं ।

४.बुद्धिमान नोकरको दृष्टान्तमा त्यो मानिस जसले आफ्ना नोकरहरुलाई पैसा दिन्छ, त्यो .................. आफै हुनुहुन्छ ।

५.नोकरहरु येशूलाई ............................... हरु हुन र त्यसको मतलव ................. पनि हौं ।

६.मालिकबाट तिनीहरुले पाएका उपहारहरु ........................... र ....................... को विधि र ............................. ................. हुन् ।

७.येशू  उहाँका ...................लाई हामीले उहाँको सेवामा व्यक्तिगत रुपमा र चर्चले .....................कन प्रयोग गरेको चाहनुहुन्छ ।

८.असल सामरीको दृष्टान्तमा पूजाहारी र लेवी जो यहूदीहरुका ................ ...................... थिए तिनीहरुको व्यवहार, कुटिएको र लुटिएको मानिसबाट तर्केर गएका थिए ।

९. सामरीहरु यहूदीहरुका ........................ थिए ।

१०. हामीले ..................गर्नु नै पर्छ कि हामीले हाम्रो ..............लाई आफूलाई झै प्रेम गरेका छैनौं ।

(पेज नं. ९७  मा हेरि आफ्ना उत्तरहरु जाँच्नुहोस् )



*अध्याय ६:*

# येशूले हामीलाई उहाँको दोस्रो आगमनको लागि तयार हुन सिकाउनुहुन्छ ।

येशूका दृष्टान्त बारे यो अन्तिम अध्यायमा हामी सिक्ने छौँ कसरी हामीले आफैलाई येशूले हामीलाई संसारबाट बोलाउने दिनको लागि जुन दिन हामी मर्छौं वा समयको अन्त्यमा, जब उहाँ यस संसारका मानिसको न्याय गर्नलाई आउनुहुनेछ तयार गर्ने । हामी तलका दृष्टान्तहरु पढ्नेछौँ :

- मूर्ख धनी मानिस
- दश कन्याको दृष्टान्त
- विवाह भोज

एकपटक फेरि हामी पुनरावलोकन गर्न चाहन्छौं कि दृष्टान्त भनेको स्वर्गीय अर्थ भएको संसारिक कथा हो । दृष्टान्तको हाम्रो अध्ययनमा हामीले सिक्यौं कि प्रत्येक दृष्टान्त सँग हामीलाई सिकाउनको लागि एउटा मुख्य आत्मिकी विचार हुन्छ ।
'तयार होओ' यो अभिभावबले आफ्ना छोरीलाई घरबाट बाहिर बस्न लगाउँदा आउने आवाज हो । "तयार भएर बस" त्यो एउटा सरकारको आवाज हो जब ऊ शत्रुहरुद्वारा आक्रमण भइरहेको हुन्छ । "तयार भएर बस ।" "तयार होओ" त्यो हामी सबैका लागि येशू आवाज हो जसै हामी उहाँलाई भेट्नको लागि तयारी गर्छौं, चाहे हाम्रो मृत्युको दिनमा होस्, वा जब येशू यस संसारका सबै मानिसहरुको न्याय गर्नलाई समयको अन्त्यमा फेरि आउदा होस् ।



**प्रार्थना** : "हे प्रभु, हामीलाई तयार हुनलाई सहायता गर्नुहोस् ताकि हामी तपाईको आगमनको लागि तयार हुन सकौं त्यो जहिले भएता पनि । हाम्रो विश्वासलाई बलियो बनाउनुहोस् ताकि हामी तपाईको फर्काइको लागि तयार हुन सकौं चाहे त्यो हाम्रो मृत्युको दिनमा होस् वा जब तपाई फेरि संसारको न्याय गर्नलाई अन्त्यको दिनमा फेरि आएपछि हुन्छ । हामीलाई तपाईका पवित्र आत्माले हाम्रो जीवनमा तपाईका वचनका सत्यता लागु गर्न र सिक्न आज सहायता गर्नुहोस् । येशूको नाममा हामी यो माग्छौं । आमिन् ।

# मुर्ख धनि मानिसको दृष्टान्तः

---

## परमेश्वरको वचन : लूका १२:१५–२१

उहाँले तिनीहरुलाई भन्नुभयो, “ होसियार रहो, सबै किसिमका लालचबाट जोगिने काम गर, किनकी मानिसको जिन्दगी उसको धन सम्पतिको प्रशस्ततामा रहंदैन् । उहाँले तिनीहरुलाई एउटा दृष्टान्त भन्नुभयो, कुनै एउटा धनि मानिसको जमीनमा प्रशस्त उब्जनी भयो, त्यसले मनमनै गुन्न लाग्यो, मेरो अन्न राख्ने ठाँउ मसित छैन् । अब म के गरुँ ?तब त्यसले भन्यो, म यसो गर्ने छु, आफ्ना ढुकुटीहरु भत्काएर झन ठुला ठुला बनाउने छु र मेरा सबै अनाज र मालताल त्यहाँ राख्ने छु । अनि म आफ्नो प्राणलाई भन्ने छु, ए प्राण धेरै बर्ष सम्म पुग्ने सम्पति तेरो निम्ति थुप्रिएको छ, सुखचैनमा बस, खा, पि, र मोज गर । तब परमेश्वरले त्यसलाई भन्नुभयो, ए मुर्ख, आज राती नै तेरो प्राण त बाट लिइनेछ, र जे कुराहरु तैले आफ्नो निम्ति थुपारेको छस, ती कसको हुने ? आफ्नो निम्ति धन सम्पति थुपार्ने तर परमेश्वरको दृष्टिमा धनी नहुने मान्छेको अवस्था यस्तै हुनेछ ।”

## दृष्टान्तको व्याख्या :

यो दृष्टान्तमा सम्पत्तिको लालच गर्ने र स्वार्थी हुनको मूर्खतालाई देखाइएको छ । लालच भनेको लोभ हो, संसारिक अधिकार तिनीहरु हाम्रो आफ्नै हुन् भन्ने जसरी पाउनको लागि गरिने इच्छा हो । यो एउटा व्यक्तिको लागि मूर्खता हुन्छ कि उसको या उनको जीवन र खुशी हामीले हाम्रो आफ्नै सोचेका कुराहरुको प्रशस्ततामा भर पर्छ । परमेश्वरले धनी मानिसलाई असल कटनी सँग आशिष

दिनुभएको थियो ।तर मानिसले विश्वास गऱ्यो कि बढेको अन्तको मात्र उसको आफ्नै थियो । पढ्नुहोस् कति पटक यस धनी मानिसले भनेको छ, "म यसो गर्नेछ । म आफ्ना भकारी भत्काउने छु । म आफ्नो प्राणलाई भन्नेछु ।" यी वचनले देखाउछन् कि उसले उसको असल बालिको लागि परमेश्वरलाई धन्यवाद दिएन । उसको सोचाइबाट परमेश्वर धेरै टाढा हुनुहुन्छ । यो मान्छको अधिकारहरु नै उसका परमेश्वर थिए । हितोपदेश ३०:८,९ को बारेमा सोच्नुहोस् " न ता मलाई न धन सम्पति दिनुहोस, तर मलाई दिन दिनको रोटी दिनुहोस । अन्यथा म संग धेरै भएकोले म तपाईलाई इन्कार गरुँला, र परमप्रभु को हो भनूला । अथवा भ गरीब भएकोले चोरी गरुँला, र परमप्रभु मेरा परमेश्वरको नाउँअपमानित गरुँला।" यो मानिसले आफ्नो आत्माको बारेमा सोचेको छैन । ऊ मृत्युको लागि तयार भएको थिएन । उसले आफ्नो जीवन एक मिनेट पनि लम्ब्याउन सकेन । उसले आफूलाई एउटा मात्र पाप बाट छुट्कार गर्न सकेन । उसले स्वर्गको एक फिट पनि किन्न सकेन । हामीले साँचो धनहरुलाई हेर्नुपर्छ, जुन आत्मिक र स्वर्गीय उपहारहरु हुन् । यी उपहारहरु येशू खीष्टमा मात्र पाइन्छन् । येशूमा विश्वासद्वारा हाम्रो भविष्य स्वर्गमा सुरक्षित छ । हामी अब, मूर्ख होइनौं तर बुद्धिमा हौं र स्वर्ग जानको लागि तयार छौं ।


१. ठीक वा बेठीकः परमेश्वरले धनी मानिसलाई दोष लगाउनु हुन्छ किनभने तिनीहरु धनी छन् ।

२. सफलता र सम्पत्ति .......................... बाटका हुन् ।

३. धनी मानिस धेरै नै संसारिक ........................ मा मोहित थियो ।

४. येशू ख्रीष्टमा भएको .................... को आत्मिक उपहारले व्यक्तिलाई साँच्चै नै धनी बनाउछ ।
(तपाईको प्रश्नका उत्तरहरु पेज नं. ९२ मा हेरेर जाँच्नुहोस् )

तपाई धनी वा गरीब जे भएता पनि, के तपाईको जीवन यो दृष्टान्तमा भएको मान्छेको जस्तो छ ? के तपाई स्वार्थी हुनुहुन्छ ? के तपाईलाई धनी हुनु येशूख्रीष्टको चेला हुनु भन्दा महत्वपूर्ण छ ? के तपाई परमेश्वरको नजरमा धनी हुने कुराले तपाईका पापहरुको क्षमा, परमेश्वर सँगको शक्ति र परमेश्वरमा विश्वासलाई समावेश गर्छ । यो दृष्टान्तमा भएको मूर्ख मानिस जस्तै हामी जान्दैनौ कि येशू फेरि कहिले आउनुहुन्छ, हाम्रो जीवनको अन्त्यमा वा अन्त्यको दिनमा येशू सायद हाम्रो लागि एक घण्टामा आउनुहुन्छ, एक दिनमा आउनुहुन्छ, एक महिना पछि वा अहिले भन्दा केहि वर्ष पछि । तर हामी त्यस दिनको लागि तयार रहनुपर्दछ । येशूले हामीलाई यो सिकाउनुहुन्छ कि यदि हामी यस संसारका कुराहरुमा मात्र केन्द्रित हुन्छौं भने हामी मूर्ख हौं । हामीले हाम्रो जीवनलाई प्रभुले हाम्रो लागि जे गर्नुभयो त्यसमा केन्द्रित गर्नुपर्छ । प्रभुले हामीलाई प्रतिज्ञा गर्नुहुन्छ, "रोमी ८:३२ ।" हामीले आफैलाई येशूलाई भेट्न येशूमा बलियो विश्वास भएर तयार गर्नुपर्छ । यस्तो विश्वास परमेश्वरको वचनबाट आउछ र त्यो विश्वासले हामीलाई साँचो परमेश्वरको आराधना गर्न र ख्रीष्टियान जीवन जीउन अगुवाई गर्छ । आफैलाई तयार गर्नुहोस् त्यो समयको लागि जब येशू तपाईलाई स्वर्गको घरमा बोलाउनुहुन्छ ।



दुलहा र मुर्ख कन्याहरु

# दश कन्याको दृष्टान्त

---

## परमेश्वरको वचन : मत्ती २५:१–१३

तब स्वर्गको राज्य दश कन्याहरु संग तुलना गर्न सकिन्छ। तिनीहरुले आ आफ्नो बत्ती लिएर दुलहालाई भेट्न निस्के। ति मध्य पाँच जना निर्बुद्धि र पाँचजना चाँहि बुद्धिमती थिए। किनकि जब निर्बुद्धिले आफ्ना बत्ती लगे, तब तिनीहरुले साथमा तेल चाँहि लगेनन्, तर बुद्धिमतीहरुले चाँहि आफ्ना बत्तीसंगै पात्रमा तेल पनि लगे, दुलहाले बियाँलो गर्दा ति सबै निन्द्राले लट्ठ भए र निदाए। तर मध्यरातमा "हेर दुलहा उनलाई भेट्न आओ" भन्ने आवाज आयो। त बति सबै कन्याहरु व्युँझे, र आफ्नो आफ्नो बत्ती ठिकठाक पारे। निर्बुद्धि कन्याहरुले बुद्धिमतीहरुलाई भने, तिमीहरुको तेलबाट हामीलाई अलिकता देओ, किनभने हाम्रा बत्ती त निभ्न लागे। तर बुद्धिमतीहरुले यसो भनेर जवाफ दिए। हामी र तिमीहरु दुबैलाई पुग्ने येथेष्ट तेल छैनहोला। बरु पसले कहाँ जाओ र आफ्ना लागि किन। तिनीहरु तेल किन्न जाँदा दुलहा आईपुगे र तयार हुनेहरु उनीसंग विवाहको भोजमा भित्र पसे र ढोका बन्द भयो। पछिबाट ति अरु कन्याहरु आईपुगे, र यसो भन्न लागे, प्रभु प्रभु हाम्रा लागि खोलिदिनु होस। तर उनले जवाफ दिए, साँच्चै म तिमीहरुलाई भन्दछु, म तिमीहरुलाई चिन्दिन्। यसकारण जागा रहो, किनकी त्यो दिन र त्यो घडी तिमीहरुलाई थाहा छैन्।

## दृष्टान्तको व्याख्याः

येशूको दिनहरुमा यहूदीहरुको विवाहको उत्सव साँझको बेला हुने गर्थे । दुलाह दुलहीको घरमा जान्थ्यो । उसले उनलाई आफ्नो घरमा ल्याउथ्यो । दुलहीका धेरै साथीहरु कन्याहरु उनीसँगै जान्थे रउनीहरुका बत्तीले बाटोमा उज्यालो गर्थे । यो दृष्टान्त दुलाह र दुलहीका साथीहरुसँग सम्बन्धीत छ । दुलाह येशू हुनुहुन्छ । दुलहीका साथीहरु इशूलाई पछ्याउनेहरु हुन् । साँचो कुरा चाहिँ त्यो हो कि कोही बुद्धिमान छन् र अरुहरु मूर्ख छन् भन्ने कुरा यो दृष्टान्तले पछ्याएको सबै कुराले निश्चित गराउँछ । बुद्धिमति कन्याहरु तिनीहरु हुन् जसले सु–समाचारको सन्देशलाई पाइन र विश्वास गरिन । तिनीहरुले तिनीहरुको विश्वासको परिणाम अनुसार खीष्यिान जीवन असल कार्य गरेर जीइन । मूर्ख कन्याहरुले सु–समाचार सुने तर त्यसको बारेमा गम्भिर भइनन् र तिनीहरुले सोचे कि येशूमा विश्वास बिना नै तिनीहरु जे गर्छन् त्यो परमेश्वरलाई प्रशन्न बनाउन एकदम प्रशस्त छ । हामी बत्तीमा भएको तेललाई हाम्रो विश्वास भन्न सक्छौं र असल कामहरु येशूमा भएको हाम्रो विश्वासको परिणाम हुन् । येशूले उहाँको आउने काममा ढिलो गर्नुभयो । तर जब उहाँ आउनुभयो, मूर्ख कन्याहरु सँग विश्वास छैन र अब असाध्यै ढीलो भैसकेको छ, तिनीहरुका अनुग्रहको समयको अन्त्य आएको छ । अनुग्रहको समयको अन्त्य आउछ जब येशू हामीलाई हाम्रो मृत्युको दिनमा बोलाउनुहुन्छ वा जब उहाँ अन्त्यको दिनमा फेरि आउनुहुनेछ । यो नै दृष्टान्तको बिन्दु हो । येशूले मूर्ख कन्याहरुलाई भन्नुभयो, “म तिमीहरुलाई चिन्दिन ।” यो कति भयानक छ । तिनीहरुले तेल किन्न सकेनन् र मूर्ख कन्याहरुको लागि स्वर्गको ढोका बन्द भयो ।

बुद्धिमान कन्याहरु स्वर्गमा गए जब येशू आउनुभयो र स्वर्गीय विवाह भोजमा आनन्द गर्नुभयो । येशूले हामीलाई सम्झाउनुहुन्छ । हाम्रो हेराई को मतलव त्यो हो कि हामी विश्वास योग्य छौं र परमेश्वरको अनुग्रहलाई बहुमूल्य ठान्छौं ।

१. मूर्ख कन्याहरु तिनीहरु हुन् जोहरु अन्तको दिनमा येशूको आगमनको लागि .................. भएनन् ।

२. बुद्धिमान पाँच कन्याहरु तिनीहरु हुन् जससँग येशूमा अन्तिम दिनसम्म .................... थियो ।

३. ठीक बेठीक : बुद्धिमान कन्याहरु दुलाहलाई भेट्न जान डराएका थिएनन् किन भने तिनीहरुले आफ्नो उद्धार किनेका थिए ।

४. ठीक बेठीक : यो दृष्टान्तमा येशूको मुख्य बिन्दू भनेको अनुग्रहको समय जतिखेर हामी येशूमा विश्वास गर्न सक्छौं त्यो अन्त्य हुन्छ जब हामी मर्छौं वा जब येशू अन्त्यको दिनमा फेरि आउनुहुनेछ ।

५. ठीक बेठीक : हामी येशूको आगमनको लागि उहाँमा विश्वासयोग्य भएर र परमेश्वरको अनुग्रहलाई बहुमूल्य मानेर तयार छौं ।
(तपाईको प्रश्नका उत्तरहरु पेज नं. ९२ मा हेरेर जाँच्नुहोस् )

एक दिन हामी प्रत्येक परमेश्वरलाई भेट्नेछौं । त्यो समय तिनीहरु जो येशूमा विश्वास गर्छन तिनीहरु परमेश्वरको संसारमा भएको अनुग्रहको राज्यबाट उहाँको स्वर्गको

महिमित राज्यमा प्रवेश गर्ने छन् । हामी सधैं येशू कहिले आउनुहुनेछ भन्ने थाहा नभएको घण्टाको लागि तयार रहनुपर्छ । हामी येशू आउनको लागि हेरिरहेको हुनुपर्छ । हामी हेरिरहेको भन्नाले हामीले निरन्तर रुपमा हाम्रो जीवन विश्वास योग्य हुन र परमेश्वरको अनुग्रहलाई बहुमूल्य ठान्नको लागि हेर्नुपर्छ । त्यसपछि हामी बुद्धिमान हुनेछौं र विवाह भोजमा प्रवेश गर्न सक्नेछौं । भोज सबै जोहरु येशूलाई साँचो रुपमा पछ्याउनेहरु हुन् तिनीहरुका लागि तयार गरिएको स्वर्गको आशिष हो । त्यसै कारण तयार हुनुहोस् भोलिसम्म नपर्खनुहोस् । प्रेरित पावलले हामीलाई सम्झाउँछन् "हेर ग्रहणयोग्य समय अहिले हो मुक्तिको दिन अहिले हो ।" (२कोरिन्थी ६:२)

## बिवाह भोजको दृष्टान्त

---

## परमेश्वरको वचन – मत्ती २२:१–१४

> येशूले फेरि तिनीहरुलाई दृष्टान्तहरुमा भन्नुभयो, स्वर्गको राज्यलाई एकजना राजासंग तुलना गर्न सकिन्छ, जसले आफ्नो छोराको बिवाह भोज तयार गरे, र भोजमा निमन्त्रित व्यक्तिहरु बेलाउन भनि आफ्ना नोकरहरु पठाए, तर तिनीहरुले आउन मन गरेनन् । फेरि तिनले अरु नोकरहरुलाई यसो भनेर पठाए, "निमन्त्रित व्यक्तीहरुलाई भन, हेर, मैले मेरो भोज तयार गरेको छु, मेरा गोरुहरु र मोटा मोटा पशुहरु मारिएका छन् र सब चीजहरु त्यार छन् । विवाह भोजमा आउनुहोस ।" तर तिनीहरुले वास्तै नगरी एउटा आफ्नो खेतबारी तिर, अर्को आफ्नो व्यापार तिर लागे । बाँकी चाँहिले तिनका नोकरहरुलाई पक्रेर

तिनीहरुसंग दुर्व्यवहार गरे र तिनीहरुलाई मारे । तब राजा क्रोधित भए, र आफ्ना फौजहरु पठाईकन ती हत्याराहरुलाई नाश गरे र तिनीहरुको शहर जलाईदिए । तब तिनले आफ्ना नोकरहरुलाई भने, विवाह भोज तयार छ, तर निम्त्याइएकाहरु योग्य भएनन् । यसकारण तिमीहरु सडकमा जाओ, र जतिलाई भेट्टाउछौ, तिनीहरुलाई विवाह भोजमा निम्तो देओ । त बति नोकरहरुले सडकमा गएर भेट्टाएका सबैलाई, दुष्ट र असल दुबैलाई जम्मा गरे र विवाह घर पाहुनाहरुले भरियो । तब जब राजा पाहुनालाई हेर्न भनि भित्र आए, तब तिनले विवाहको पोशाक नलगाएको एउटा मानिसलाई देखे, तिनले त्यसलाई सोधे, मित्र, विवाहको पोशाब नपहिरी तिमी कसरी यहाँ भित्र आयौ? त्यो निरुत्तर भयो । तब राजाले सेवकहरुलाई भने, त्यसका हातखुट्टा बाँधेर त्यसलाई बाहिरी अन्धकारमा फलिदेओ, जहाँ मानिसहरु रुनेछन् र दाह्रा किट्नेछन् । किनभने बोलाइएका धेरैछन् तर चुनिएका थोरैछन् ।

## दृष्टान्तको व्याख्या :

यो दृष्टान्तमा राजा र छोरा परमेश्वर पिता र उहाँको पुत्र येशू ख्रीष्ट हुनुहुन्छ । विवाह भोज स्वर्गको आनन्द हो । दृष्टान्तले हामीलाई बताउँछ कि राजा र उसको छोरासित विवाह भोजमा बोलाइएकाहरु बाट कस्तो व्यवहार गरियो । इस्रायलका मानिसहरु परमेश्वरबाट छानिएका मानिसहरु थिए । जो संग पुरानो नियमको भविश्यवक्ता र नयाँ नियमको चेलाहरु हुने फाईदा पाएको थियो । जो हरुले तिनीहरुलाई विवाह भोजमा निमन्त्रणा गरे ।
तर तिनीहरुले बहाना गरे । तिनीहरुले निमन्त्रणलाई अस्वीकार गरे र अन्तमा परमेश्वरले इस्राएललाई नाश गर्न सेनाहरुलाई प्रयोग गर्नुभयो । इस्राएल बोलाइएको थियो, तर त्यसको महत्व भएन् । त्यस पछि परमेश्वरले आफ्नो

नोकरहरुलाई दुबै असल मानिस र खराब मानिसलाई विवाह भोजमा बोलाउन सडकहरुमा पठाउनुभयो । यिनीहरु तपाईको देश सहित अरु सबै राष्ट्रका मानिसहरु हुन् । अहिले विवाह भोजमा आउनको लागि बोलाइएकाहरु अन्यजाति र गैर–यहूदीहरु हुन् । धेरैले निमन्त्रणालाई स्वीकार गरे र विवाह घर पाहुनाले भरियो । तर एउटा मानिस भोजको लागि ठीक कपडामा थिएन । तिनीहरु जो विवाह भोज खान्छन् परमेश्वर तिनीहरुको न्यायकर्ता हुनुहुन्छ । दृष्टान्तमा भएको मानिसले परमेश्वरलाई उत्तर दिन सकेन । उसलाई थाहा छ कि ऊ उपस्थितिको लागि तयार थिएन । उसले येशूको धार्मिकताको वस्त्र लगाउदैन । उसले आफ्नै प्रयासको, उसको आफ्नै असल कामहरुको वस्त्र लगाएर विवाह भोजमा प्रवेश गर्ने कोशिष गर्‍यो । ऊ इस्राएलमा भएका धेरै जस्तै स्वर्गको आशिषमा आनन्द गर्न पाउने छैन तर यो भन्दा नर्कमा अनन्तको दुःख भोग्ने छ ।

१. यो दृष्टान्तमा भएका राजा र छोरा परमेश्वर .................... र उहाको पुत्र ............... .................. हुन् ।

२. राजाले तयार गरेको विवाहको भोज ............. को आनन्द हो ।

३. भोजमा सबै भन्दा पहिले निम्ता गरिएको व्यक्तिहरु ......................का मानिसहरु थिए ।

४. ति मध्य धेरैले परमेश्वरको निमन्त्रणा ............... गरे ।

५. परमेश्वरले आफ्ना ..............हरुलाई ............मा पठाएर उहाँकोविवाह भोजमा सहभागि हुनलाई उहाँको निमन्त्रणा तपाईलाई पनि पठाउनु भयो । यि निम्न्त्रणा गरिएका व्यक्तिहरु तपाई सहित सबै ............ का मानिसहरु हुन् ।

६.परमेश्वरले आज तपाईलाई ...........को आशिष दिन चाहनुहुन्छ ।
(तपाईको प्रश्नका उत्तरहरु पेज नं. ९२ मा हेरेर जाँच्नुहोस् )

परमेश्वरले स्वर्गमा उहाँ संगै हुनलाई हामीलाई उहाँको अनुहमा बोलाउनु भयो । उहाँले येशूलाई हाम्रैं निम्ति व्यवस्था पालन गर्न र हाम्रा पापको लागि दण्डीत हुन पठाउनुभयो । स्वर्गमा उहाँसंगै हुनलाई परमेश्वर सुसमाचार, बप्तिस्मा र पापको क्षमाद्वारा सबैमानिसहरुलाई बोलाउनु हुन्छ । यो अवसर ति सबै मानिसहरुको लागि हो जो येशूमा बिश्वास गर्दछन् । स्वर्ग कस्तो हुनेछ भनेर दुरुस्तरुपमा हामी जान्दैनौ । हामी यो जान्दछौ कि स्वर्ग परमेश्वर संगै हुने ठाँउ हो ।जहाँ दुःख, कठिनाई, रुवाई र भोक तिर्खा कुनै थोक हुनेछैन् ।परमेश्वरले हाम्रा आँखाबाट सबै आँसु पुछिदिनु हुनेछ । (प्रकाश ७:१३—१७ र प्रकाश २१:४ पढ्नुहोस ) हामी स्वर्गमा येशूसंगै हुन चाहने छौ । हामी येशूको बचन सुनेर आफैलाई “वर्गको लागि तैयार गर्छौ । पवित्रआत्माले हामीलाई येशूमा बिश्वासमा ल्याउनहुन्छ र हाम्रो जीवनको अन्तिम समय सम्म हामीलाई त्यो बिश्वासमा राख्नुहुन्छ । तब हामी येशू को त्यो बिवाह भोजको समारोहमा उचित पोशाक लगाएका हुनेछौ । प्रेरित यूहन्ना लेख्छन्, “ येशूले अरु धेरै चिन्हहरु चेलाहरुका सामुन्य गर्नुभयो, जुन चाँहि यस पुस्तकमा

लेखिएका छैनन् । तर यी लेखिएका छन कि तिमीहरुले येशू परमेश्वरका पुत्र ख्रीष्ट हुनुहुन्छ भनि बिश्वास गर र विश्वासद्वारा उहाँको नाउँमातिमीहरुलाई जीवन प्राप्त होस । (यूहन्ना २०:३०—३१)



**अन्तिम प्रार्थना:** हे प्रभु तपाईका आगमनको लागि तयार हुन हामीलाई सहायता गर्नुहोस, चाहे त्यो हाम्रो जीवनको अन्तमा होस या संसारको अन्तमा । पावीहरुलाई तिनीहरुका पापहरुको पश्चाताप गर्न बोलाउनु भएको मा धन्यबाद । क्रूसको बलीदानको लागि धन्यबाद येशू । हामीलाई बचाउने विश्वास दिनुभएको मा धन्यबाद पवित्रआत्मा । तपाईको बचनको सत्यता सिक्न र जीवनमा लागु गर्न हामीलाई सहायता गर्नुहोस । हामीलाई तपाई सितको स्वर्गको अनन्त जीवनमा आशिष दिनुहोस । येशूको नाउँमा माग्छौ, आमिन ।

**अध्याय पाँचका प्रश्नहरुको उत्तर:**
**मुर्ख धनि मानिसको दृष्टान्त:**
१. झुटो २. परमेश्वर ३. सम्पति ४.विश्वास
**दश कन्याको दृष्टान्त:**
१.तयार भएको २.विश्वास ३. झुटो ४. सत्य ५.सत्य
**विवाह भोजको दृष्टान्त**
१.पिता, येशूख्रीष्ट २.स्वर्ग ३.इस्राएल ४.अस्वीकार ५.नोकरहरु,सडकहरु, राष्ट्र ६.स्वर्ग

# अध्याय छ को जाँच

१. ठीक वा बेठीकः परमेश्वरले धनी मानिसलाई दोष लगाउनु हुन्छ किनभने तिनीहरु धनी छन् ।

२. सफलता र सम्पत्ति ............................. बाटका उपहारहरु हुन् ।

३. धनी मूर्ख मानिसको दृष्टान्तमा, धनी मानिस संसारिक ...................... मा बढी लोभि थियो ।

४. येशू ख्रीष्टमा भएको ..................... को आत्मिक उपहारले व्यक्तिलाई साँच्चै नै धनी बनाउछ ।

५ पाँच .मूर्ख कन्याहरु तिनीहरु हुन् जोहरु अन्तको दिनमा येशूको आगमनको लागि ................... भएनन् ।

६.पाँच बुद्धिमान कन्याहरु तिनीहरु हुन् जससँग येशूमा अन्तिको दिनमा येशूमा.................... थियो ।

७. ठीक बेठीक : बुद्धिमान कन्याहरु दुलाहलाई भेट्न जान डराएनन् किन भने तिनीहरुले आफ्नो उद्धार किनेका थिए ।

८. ठीक बेठीक : यो दृष्टान्तमा येशूको मुख्य कुरा त्यो हो कि येशूमा विश्वास गर्न सक्ने  अनुग्रहको समय हाम्रो मृत्युको दिनमा वा अन्त्यको दिनमा अन्त्य हुन्छ ।

९. ठीक बेठीक : हामी येशूको आगमनको लागि उहाँमा विश्वासयोग्य भएर र परमेश्वरको अनुग्रहलाई बहुमूल्य मानेर तयार छौं ।

१०. विवाह भोजको दृष्टान्तमा भएको राजा र छोरा,
.................. पिता र उहाँको छोरा
...........................    ..................... हुनुहुन्छ ।

११. राजाले दिनुभएको विवाह भोज ..................... को आशिषहरु र आनन्द हो ।

१२. सबै भन्दा पहिले, भोजमा निमन्त्रणा गरिएका मानिसहरु ..................... मानिस हुन् । तिनीहरु मध्ये धेरैले निमन्त्रणालाई ................... गरे ।

१३. परमेश्वरले तपाईलाई विवाह भोजमा उपस्थित हुनको लागि उहाँको निमन्त्रणा उहाँका
........................................ लाई
................................ मा पठाएर पठाउनुहुन्छ । यिनीहरु सबै अरु .................... का मानिसहरु हुन्, तपाईको लागि समावेश गरेर ।

१४. परमेश्वरले आज तपाईलाई ...................... को आशिषको प्रस्ताव राख्नुहुन्छ ।

(पेज नं. ९७ मा हेरि आफ्ना उत्तरहरु जाँच्नुहोस् )

# शब्द सूची

**क्षमता(हरु)** – सोच्ने, गर्ने वा बनाउने शक्ति र योग्यता ।
**आश्चर्यकारी** – सधैँ चकित र आश्चर्यले भरिनु
**व्यभिचार (गनु)** – श्रीमान् वा श्रीमती नभई कानून विरुद्ध कसैसँग यौन सम्पर्क राख्नु ।
**अनुग्रह** – अरु मानिसहरुको दुःखको लनगि दया वा करुणा
**तिरस्कार (गरिएको)** – कसैलाई तल्लो दृष्टिले हेर्नु वा कसैलाई मुल्यहिन ठान्नु ।
**सिद्धान्त (हरु)** – शिक्षा
**कहानी** – छोरो असत्य कथा
**उपवास** – खाना नखाई बस्नु
**क्षमा** – कसैको गल्ती वा पापलाई छोडि दिने काम ।
**दुश्मनी** – कसै प्रतिको खराब सोचाई ।
**उदाहरण (हरु)** – एउटा, उदाहरण वा प्रसंग ।
**दुखदाई–** धेरै बेखुशी सित वा खराबले ।
**लोककथा** – केहि मानिसहरुले विश्वास गरेको असत्य कथा ।
**दृष्टान्त** – स्वर्गीय अर्थ भएको संसारिक कथा ।
**तयार (भएको)** – केहि कुरा हुनुभन्दा अगाडि नै तयार रहनु ।
**सुरक्षा (गरिएको)** – केहि कुरा नाश भइरहेको बाट जोगाउनु वा बचाउनु ।
**बेश्या (हरु)** – पैसा लिएर अन्य व्यक्तिहरुसँग यौन कियाकलाप गर्ने व्यक्ति ।
**उद्धार** – फिर्ता किन्नु ।
**साधारण** – गाह्रारो र सचेक नभएको केहि कुरा ।
**सुँक** – सुँक गनु– धेरै आँशु झरेर छोटो–छोटो आवाज मा रुनु ।
**निश्चित** – ठीक, अचुक, एउटाको प्रयोगको लागि ।

**विश्वासघाती** – त्यो व्यक्ति जो आफ्नो देश प्रति र कारण प्रति बफादर छैन ।

**बहुमूल्य ठान्नु**

**(परमेश्वरको अनुग्रह)** – मूल्य दिनु वा राख्नु वा बहुमूल्य मान्नु ।

**विश्वास** – केहिमा विश्वास हुनु, विश्वास गर्नु ।

**दाखबारी** – अङ्गुर उत्पादन गर्नको लागि दाखका बोटहरु लगाइएको जमीन ।

**मूल्यवान** – मूल्य भएको, प्रशंसाको योग्य ।

# अध्याय जाँचका उत्तरहरु

**अध्याय एक :**
१. संसारिक, स्वर्गीय २. एक, ३. किन, मतलव, ४. असल सामरी
५. मुख्य कुरा ।

**अध्याय दुइ :**
१. विश्वा गर्ने, विश्वास नगर्ने, २. विश्वास,३. पानी, बाढी, हुरी,
४. सुन्नु, पालन गर्नु, ५. मूर्ख, ६. ठीक, ७. उद्धारकर्ता, पाप, ८. राज्य, स्वर्ग,
९. बहुमूल्य सम्पत्ति, १०. येशू, धर्मशास्त्र ।

**अध्याय तीन :**
१. वचन, परमेश्वर २. हृदय, सुन्न ३. बिर्सिहाल्नु ४. समस्यहरु, दु:खहरु,
सतावटहरु ५. संसारिक, जीवन ६. बचाउनु, असल समाचार ७. विश्वासीहरु
८. चर्च, विश्वास गर्दैनन्  ९. झूटा सिद्धान्तहरु १०. जल्नु, नर्क
११. आशिषहरु, स्वर्ग १२. चर्च, वृद्धि हुनु १३. मानिसहरु, संसार १४. ३,०००
१५. आराम, आत्मा

**अध्याय चार :**
१.  अनन्त २. अनुग्रह ३. असल गोठालो ४. फर्कियो /क्षमा दियो ५. बेठीक
६. क्षमा दिनु / प्रेम गर्नु / येशू ७. गर्नु / चाहनु ८. स्वीकार गर्नु, पापी,
दयालु ९. निर्दोष १०. क्षमा दिइएको, असल, येशू खीष्ट

**अध्याय पाँच :**
१. प्रत्येक पटक २. ग ३. क्षमा दिनु /क्षमा दिनु ४. येशू
५. पछ्याउनेहरु, हामी ६. वचन वा बाइबल, बप्तिस्मा, प्रभुभोज
७. उपहारहरु, नरोकिकन ८. धार्मिक अगुवाहरु ९. शत्रुहरु
१०. स्वीकार गर्नु, छिमेकी

**अध्याय छ :**
१. बेठीक २. परमेश्वर ३. सम्पत्ति ४. विश्वास ५. तयार भएको ६. विश्वास
७. बेठीक ८. ठीक ९. ठीक १०. परमेश्वर, येशू खीष्ट ११. स्वर्ग १२. इस्राएल,
अस्वीकार १३. नोकरहरु, सडकहरु, राष्ट्रहरु  १४. स्वर्ग ।

# अन्तिम जाँच

बधाई छ, तपाईले तपाईको येशूका दृष्टान्तहरुको अध्ययन सिध्याउनुभएको छ। अध्याय एकको समालोचना गर्नुहोस् जसले तपाईलाई दृष्टान्त के हो र यसलाई कसरी अध्ययन गर्ने भन्ने प्रष्ट पार्छ। त्यसपछि अध्याय दुइ देखि छ सम्ममा भएका तपाईका उत्तरहरु पढ्नुहोस् जसले येशूका धेरै दृष्टान्तहरुको व्याख्या गर्छ।

पुस्तक नहेरिकन अन्तिम जाँच पूरा गर्नुहोस्। जब तपाई जाँच सिध्याउँनुहुन्छ त्यो तपाईलाई यो पुस्तक जुन व्यक्तिले दिएको थियो त्यसलाई दिनुहोस् अथवा यो पुस्तकको पछाडि दिइएको ठेगानामा पठाउँनुहोस्। कसैले यो जाँचलाई जाँच्ने छ। तपाई अरु पनि उपलब्ध बाइबल अध्ययन पुस्तकहरु मग गर्न सक्नु हुन्छ।

यदि तपाई तयार हुनुहुन्छ भने अन्तिम जाँच यो पुस्तक बाट च्यात्नुहोस् र पुस्तकलाई पर राख्नुहोस्। यो पुस्तकमा के लेखिएको छ भनि नहेरेरै परीक्षा पूरा गर्नुहोस्।

# येशूका दृष्टान्तहरु
# अन्तिम जाँच

१. दृष्टान्त भनेको दैनिक जीवनबाटको ........................ कथा हो जसको ................................ अर्थ हुन्छ ।

२. प्रत्येक दृष्टान्तसँग ..................................मात्र अर्थ हुन्छ ।

३. "मेरो छिमेकी को हो ?" भन्ने कुराको उत्तर दिन येशूले कुन दृष्टान्तको प्रयोग गर्नुभयो ?

..........................................................................

..........................................................................

४. तपाईको जीवनमा सबै भन्दा महत्वपूर्ण कुरा के हो जुन येशूले बहुमूल्य मोतिको दृष्टान्तमा सिकाउँनुहुन्छ ?

..........................................................................

..........................................................................

५. फरिसी र कर उठाउनेको दृष्टान्तमा किन कर उठाउँनेलाई क्षमा दिइयो र फरिसीलाई दिइएन ?

..........................................................................

..........................................................................

६. हराएको भेडाको दृष्टानत अनुसार येशू संसारमा कसलाई बचाउनको लागि आउनुभयो ?

...........................................................................

...........................................................................

७. येशूले तपाईलाई कसरी बचाउनुभयो ?

...........................................................................

...........................................................................

८. किन परमेश्वरले हाम्रा सबै पापहरुको हामीलाई क्षमा दिनुहुन्छ ?

...........................................................................

...........................................................................

...........................................................................

**दृष्टान्तको अध्ययन**

**मकूर्स १३:३४–३७**

९. त्यो मान्छे को हो जो घरको मालिक हुन्छ र टाढा जान्छ ?

...........................................................................

...........................................................................

१०. मालिकले आफ्नो काम गर्नु भन्नु भएका नोकरहरु को हुन् ?

...........................................................................

...........................................................................

११. त्यो व्यक्ति जो घरको मालिक हो, कहिले घर फर्किन्छ ?

..................................................................

..................................................................

..................................................................

१२. दृष्टान्तको मुख्य कुरा के हो ?

..................................................................

..................................................................

..................................................................

**कृपया तल निम्न जानकारी लेख्नुहोस् ।**

नाम :...........................................................
ठेगाना
:...........................................................
...........................................................
...........................................................

कृपया यस पुस्तकको बारेमा तपाईको प्रतिकृया हामीलाई लेख्नुहोस् ।
...........................................................
...........................................................
...........................................................
...........................................................
...........................................................
...........................................................
...........................................................
...........................................................
...........................................................

Multi-Language Productions
Bringing the Word to the World

**The Parables of Jesus-Nepali**
**Bible Teachings Series**
**MLP Catalog Number: 385207**